का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० पुस २०७९,
शनिबार
14 January 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३२९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# प्रधानमन्त्रीको ‘प्रचण्ड’ चुनौती

संसदको असाधरण विश्वास पाएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सामुन्नेमा उत्तिकै ठूलो चुनौती छ । आफूले पाएको विश्वास जोगाइराख्न र नागरिकले अनुभूति गर्नेगरी काम गर्न प्रधानमन्त्री प्रचण्डलाई फलामको चिउरा सरह हुने अनेक कारण सतहमै देखिन्छ ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २९ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै शब्दमा उनी ‘नयाँ राजनीतिक दलको हुटहुटी’का साथ प्रधानमन्त्री भएका छन् । दलहरुबीचमा हम्मेसी नदेखिनेगरी भएका सहमति र सम्झौतालाई ख्याल नगर्ने हो भने प्रधानमन्त्री प्रचण्डले संसदमा ९९.२५ प्रतिशत सांसदको विश्वास प्राप्त गरेका छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा जम्मा दुई जना सांसद मात्रै प्रधानमन्त्रीलाई विश्वासको मत दिने विपक्षमा उभिए ।

प्रतिनिधिसभाको सबै दलको विश्वासको मत पाएलगत्तै प्रचण्डले गोरखा पुगेर ढुक्क भएको बताए । तर, प्रधानमन्त्रीले ढुक्क भएको अभिव्यक्ति दिएकै दिन सत्ता साझेदार दल एमालेको अध्यक्ष केपी शर्मा ओली निवास वालकोट पुगेर झण्डै दुई घण्टा बिताए । भोलिपल्ट बिहीबार प्रचण्डले एमाले अध्यक्ष ओलीसँग वालुवाटारमा झण्डै ३ घण्टा बिताए । बिहीबार बस्ने भनेको मन्त्रिपरिषदको बैठक बस्न सकेन । सत्ता साझेदार दलहरुको बैठक पनि बस्न सकेन ।

अर्कोतर्फ कांग्रेसले सभामुख र उपसभामुखको निर्वाचनमा माओवादी केन्द्रको साथ खोजेको छ । विश्वासको मत दिएको बदलामा सभामुख वा राष्ट्रपतिमा माओवादीको साथ पाउने कांग्रेसको आश छ ।

तर, सभामुखमा आलोपालो गर्ने र पहिले एमाले लिने सहमति छ । प्रचण्ड प्रधानमन्त्री भए पनि गठबन्धन सबैभन्दा ठूलो घटक एमालेका अध्यक्ष केपी ओली सरकारको साझा न्यूनतम कार्यक्रमको संयोजक छन् । कतिपयले प्रधानमन्त्री प्रचण्ड भए पनि सरकारको रिमोट ओलीकै हातमा रहेको टिप्पणी गर्ने गरेका छन् । अर्थात्, सरकारमा समर्थन गरे पनि विश्वासको मतका लागि प्रधानमन्त्री प्रचण्ड दलहरुको सतैसर्तमा छन् । सरकारलाई समर्थन गर्न र सहभागी हुन सबै दलहरुले स्वार्थअनुकूल सर्त राखेका छन् । जुन प्रचण्डको लागि चुनौती हो ।

सरकारलाई विश्वासको मत दिए पनि प्रतिपक्षमा बस्ने उद्घोष गरेको कांग्रेस, एकीकृत समाजवादी, लोसपालगायत सत्ता गठबन्धनमा आबद्ध रहेका दलहरुले पनि प्रधानमन्त्रीमाथि सर्त अघि सारेका छन् । विश्वासको मत दिएको कांग्रेसले सभामुखमै माओवादीसँग संवाद गर्ने औपचारिक निर्णय गरिसकेको छ । सभामुखमा असहयोग गरेपनि राष्ट्रपतिमा माओवादीको सहयोग पाउनेगरी वातावरण मिलाउने जिम्मेवारी सभापति देउवालाई दिइएको छ । प्रचण्डलाई विश्वासको मत दिए लगत्तै पत्रकारहरुसँग कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले भनेका थिए, ‘ओलीबाट हाइज्याक भएको गठबन्धन करेक्सन गर्ने उदेश्यले कांग्रेसले विश्वासको मत दिएको हो ।’ यसविषयमा प्रचण्डले ओलीलाई पटक-पटक प्रष्टीकरण दिनुपरेको नेताहरु बताउँछन् ।

सरकारमै रहेका अन्य दलहरुको पनि आ-आफ्ना एजेण्डा र सर्त छन् । यस पटककै निर्वाचनबाट उदय भएको रास्वपाका सभापति लामिछाने उपप्रधानसहित गृह मन्त्रालयको जिम्मेवारी लिएर सरकारमा सामेल भइसके । रास्वपाले पनि उपसभामुख माग गरिरहेको छ । साथसाथै कम्तिमा चार मन्त्रालय आफूले पाउनुपर्ने अडान राखिरहेको छ । छोटो समयमै जनताको आशा जगाएको रास्वपामा केही गर्नैपर्ने जनदबाब छ । जुन प्रचण्डलाई काम लाग्न सक्छ । तर, रास्वपाले भ्रष्टाचार छानबिनसम्बन्धी आयोग गठन गर्नुपर्ने सर्त राखेको छ । – बाँकी पृष्ठ २ मा

# शक्ति बढाउँदै प्रभु

एमालेबाट राजनीति शुरु गरेका साह माओवादी हुँदै पुन: एमाले भए । हाल आफ्नै नेतृत्वमा आजपा गठन गरेका छन् । पार्टीलाई बलियो बनाउन साना पार्टीहरुसँग एकता गर्ने र ठूला पार्टीका असन्तुष्ट नेताहरुलाई पार्टी प्रवेश गराउने नीति अनुसार अगाडि बढिरहेका छन् ।



पूर्वसहरी विकास राज्यमन्त्री रामवीर मानन्धरलाई आजपामा आवद्ध गराएपछि प्रभु साह । तस्विर : आजपाको सचिवालय

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २९ पुस ।

आम जनता पार्टी (आजपा) र नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी पार्टीबीच एकता हुने भएको छ । प्रभु साह नेतृत्वको आम जनता पार्टी र कर्णजीत बुढाथोकी अध्यक्ष रहेको माओवादी समाजवादी पार्टीबीच एकताबद्ध हुने र नयाँ पार्टीको नाम आम जनता पार्टी नै राख्ने तय भएको आजपाका प्रचार प्रसार विभाग उपप्रमुख निवेश यादवले जानकारी दिए । उनका अनुसार अग्रगामी शक्तिहरुको ध्रुवीकरणको रुपमा विभिन्न राजनीतिक दलहरूसंग एकताको अभियानमा आजपा लागेको हो ।

४ मंसिरमा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिदै रौतहट क्षेत्र नम्बर ३ बाट लगातार चौथो पटक निर्वाचित भएका साहले चुनाव लगत्तै पार्टी गठन गरेका हुन् । एमालेको टिकट त्यागेर प्रतिनिधिसभा सदस्यको चुनाव जितेका प्रभु साहले पार्टी मात्रै खोलेन् । एमालेमा असन्तुष्ट पूर्व शहरी विकास राज्यमन्त्री एवम् काठमाडौ क्षेत्र नम्बर ७ बाट संविधानसभा सदस्य र प्रतिनिधि सदस्य रहिसकेका रामवीर मानन्धरलाई पार्टी प्रवेश गराए । साहले मधेश केन्द्रीत नेताहरुलाई पनि आर्कषित गरिरहेका छन् । आजपा गठन भएलगत्तै जनता समाजवादी पार्टीका रौतहट जिल्ला सचिव लखिन्द्र यादव, नेपाल संघीय समाजवादी पार्टीबाट रौतहट १ (ख) बाट प्रदेश सभा सदस्य उम्मेदवार जाजुल देवान लगायत आम जनता पार्टीमा प्रवेश गरे ।

अर्थात, प्रभु साहले आफूलाई मधेशको नेताको रुपमा स्थापित गराउन चाहेको कतिपय नेताहरुको टिप्पणी छ ।

बिसं २०२८ साल असौज १३ गते रौतहट जिल्लाको मौलापुरमा जन्मेका प्रभु साहले माओवादीबाट राजनीति सुरु गरेका हुन् । एमाले र माओवादी मिलेर बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा एकता) सर्वोच्च अदालतले खारेज गरिदिए पछि उनी एमाले ओली पक्ष तिर लागे ।

उनी ओली मन्त्रीपरिषदमा नेपाल सरकारको शहरी विकास मन्त्री पनि बने । त्यस अगाडि रौतहट क्षेत्र नं. ३ बाट २०६४ र २०७० सालको संबिधान सभाको निर्वाचनमा निर्वाचित भएका थिए । साह २०६८ मा झलनाथ खनालको – बाँकी पृष्ठ २ मा

## भारतीय मजदुरहरुको कथा

# नेपालीले नदेखेको सम्भावना

रोजगारीको खोजीमा लाखौं नेपाली युवाहरु परदेशिएका छन्, कयौंले दुख पाएका कथा छन् । परदेशिने मध्ये कयौं नेपाली भारतका विभिन्न शहर पुग्छन् । तर भारतबाट काठमाडौं आएर लोभलाग्दो कमाइ गर्नेहरु पनि उत्तिकै भेटिन्छन्, जसले सानो भनिएको क्षेत्रबाट ठूलो सपना पूरा गरिरहेका छन् ।



**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २९ पुस

कीर्तिपुर नयाँ बजार सडकछेउ चटपटे र पानीपुरीको एउटा ठेला भेटिन्छ । अनि, मान्छेहरुको सानो भीड ।

‘शुरुमा मैले मकै बेचें अनि बदाम । कहिले त खाना खाने पैसा पनि धौधौ जुट्थ्यो’ चटपटे बनाउँदै ४० वर्षीय अजय गुप्ताले भने, ‘अहिले खुसी छु ।’ कीर्तिपुरमा यसरी ठेलामा चटपटे र पानीपुरको व्यापार गर्न थालेको २८ वर्ष पुगेको उनले बताए ।

हँसिलो मुहारका अजयले यही व्यापारबाट परिवार धानिरहेको पनि सुनाए । ‘आफूले गरेको कामबाट सन्तुष्टि पाउन पर्‍यो, काम सानो भए नि ठूलो भए नि फरक हुँदैन’ अजय आत्मविश्वासी देखिए । ग्राहक नआउँदा उनी पढेर बस्ने रहेंछन् । भारतबाट आएका उनी खुशी नै देखिए ।

भारतबाटै आएर यस्तै खुद्रे व्यावसाय गरिरहका अर्का व्यक्ति हुन्, राकेश कुमार । कमलादी सडक छेऊ चटपटे बेच्ने उनी किशोर अवस्थामै छन् । तर तारिफयोग्य आम्दानी – बाँकी पृष्ठ २ मा

# बढ्दै मानव तस्करी

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २९ पुस ।

वैदेशिक रोजगारी, आप्रवासन र शिक्षाको आवरणमा नेपालबाट मानव तस्करी गरेर बेचबिखन हुने क्रम बढ्न थालेको छ । मूलत: गरिबी र बेरोजगारी समस्याले पिल्छिएको समुदायका मानिसहरु विभिन्न प्रलोभनमा परेर बेचविखन हुँदै आएका छन् । मानव बेचबिखन नियन्त्रण ब्युरोको अनुसार पछिल्लो नौ महिनाको अवधिमा हजारको संख्यामा मानिसहरु पक्राउ परिसकेका छन् । गत हप्ता प्रहरीले २५ जनालाई विमानस्थलबाट पक्राउ गरेको थियो भने पक्राउ परेका अधिकांशसँग बैंकको स्टेटमेन्ट नक्कली भेटिएको थियो । कोरोनाको रिपोर्ट मात्रै नभएर भिसासमेत नक्कली बनाएर रोजगारीको प्रलोभनमा विदेश जान लागेको प्रहरीको भनाइ छ ।

‘मानव बेचबिखनका लागि नयाँनयाँ बाटा र गन्तव्यहरूको प्रयोग हुन थालेको छ, इन्डोनेशिया र कुवेत त्यसको एउटा उदाहरण हो,’ मानव बेचबिखन नियन्त्रण ब्युरो प्रमुख एसएसपी अनुराग द्विवेदीले भने । उनले अनधिकृत तवरले भिजिट भिसामा दुबई जाने अनि त्यहाँबाट खाडी लगायतका विभिन्न मुलुकमा लगेर मानवबेचविखन गर्ने क्रम बढेको बताएका हुन् । विगतमा नेपालबाट भारत हुँदै हुने मानव बेचबिखन अहिले भने बंगलादेश, म्यानमार, थाइल्याण्ड, – बाँकी पृष्ठ २ मा


## हार्दिक निमन्त्रणा ! हार्दिक निमन्त्रणा !! हार्दिक निमन्त्रणा !!!

आदरणीय व्यवसायीज्यूहरू,

नेकपा एमालेका महासचिव कमरेड शंकर पोखरेल ज्यू, को प्रमुख आतित्थ्यतामा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ६ गते हुन गइरहेको २९ औं साधारण सभा र निर्वाचनका लागि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको चुनावी सभामा उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

मिति : २०७९ पुस ३० गते
स्थान : यति पार्टी प्यालेस, बसुन्धारा काठमाडौं
समय : दिउँसो ३:०० बजे

जनक रावल
महासचिव

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन: ०१-४४६४३०१, ४४६४७२६



सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि

## तालिम खुल्यो

कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन

विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था

माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४५८७४०५


वैदेशिक रोजगार विशेष

# संघमा १७ पदका लागि पाँच दर्जन बढीको उम्मेदवारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ पुस


नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी माघ छ गते शुक्रबार हुने कार्यसमिति निर्वाचनका लागि पाँच दर्जनभन्दा बढीको उम्मेदवारी परेको छ । संघको निर्वाचन समितिबाट जारी उम्मेदवारहरुको अन्तिम नामावली अनुसार अध्यक्षमा चार जना व्यवसायीको उम्मेदवारी परेको छ भने अन्य पदमा त्यसभन्दा बढीको उम्मेदवारी परेको छ ।

एक सदस्य निर्वाचित हुने प्रथम उपाध्यक्षमा ४ जना, द्वितीय उपाध्यक्षमा ५ जना, तृतीय उपाध्यक्षमा ५ जना, महासचिवमा ४ जना, सचिवमा ६ जना, कोषाध्यक्षमा ४ जना र १० सदस्यका लागि ३१ सदस्य जना गरी कुल ६३ जना व्यवसायीको उम्मेदवारी परेको छ ।

संघ अध्यक्षका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनाल, संघका पूर्व द्वितीय अध्यक्ष भुवासिं गुरुङ, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका सल्लाहकार डा.ईश्वर जिसीले उम्मेदवारी दिएका छन् ।

एशोसिएसन र वैदेशिक रोजगार व्यवसायी एकीकृत संगठन तथा गणतान्त्रिक मञ्चबीच तालमेल भएको बताइए पनि साँझसम्म पनि एकताको प्रयास सफल नभएको एकीकृत संगठनका सचिव अनिल बोगटीले मध्यान्हलाई बताए । प्रगतिशील मञ्च, गणतान्त्रिक मञ्च तथा एकीकृत संगठनबीच पटकपटक छलफल भएपनि पदाधिकारीमा पद बाँडफाँडमा कुरा नमिलेका कारणले सहमति नभएको बताइएको छ । उनीहरुले एक अर्कामाथि हैसियत भन्दा बढी सिट मागेर एकता तालमेल भाँडेको आरोप लगाएका – बाँकी पृष्ठ २ मा

## अधिकारीको नेतृत्वमा राप्रपाको वैदेशिक रोजगार संगठन



**काठमाडौं / मस–** राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा)ले पनि वैदेशिक रोजगार क्षेत्रमा संगठन स्थापना गरेको छ । राप्रपा निकट वैदेशिक रोजगार व्यवसायीको काठमाडौंमा भएको भेलाले गणपति ओभरसिज प्रा.लि.का सञ्चालक भिष्मराज अधिकारीको अध्यक्षतामा राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघ गठन गरेको हो ।

संघको सचिवमा डिएचआर प्रा.लि.का अरुणकुमार सिंह महतो – बाँकी पृष्ठ २ मा

वीरेन्द्रनगरवासीको प्रश्न

# लालपुर्जा कहिले पाउँछौं ?



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २९ पुस

वीरेन्द्रनगरका भूमिहिन सुकुम्वासीले लालपुर्जा नपाएको गुनासो गरेका छन्। वीरेन्द्रनगर नगरपालिकामा बसोवास गरिरेहका सुकुम्वासीहरु बिहीबार नगरपालिकाको कार्यालयमा पुगेर लालपुर्जा नपाएको गुनासो गरेका हुन्। वीरेन्द्रनगर ९ का चित्र बहादुर थापाले चुनावको बेला सबै उम्मेदवारले लालपुर्जालाई प्रमुख एजेण्डा बनाउदै आएको भएपनि कार्यान्वयनमा ध्यान नदिएको बताए।

उनले चुनावको बेला मात्रै लालपुर्जा बनाउँछु भन्दै आश्वासन दिने तर चुनाव जितिसके पछि कुनै पनि जनप्रतिनिधिले लालपुर्जाको बारेमा नसोचेको गुनासो गरे। 'नेताहरुले हामीलाई भोट बैंक बनाए, चुनावको बेला आउँछन् हामीलाई जिताउनुहोस्, हामी जितेको केही महिनामै तपाईंलाई लालपुर्जा वितरण गर्छौं भनछन्, तर जितिसकेको वर्षौ वितिसक्दा पनि लालपुर्जा हामीले पाउन सकेका छैनौं,' उनले भने, बारम्बार नगरपालिकामा आएर लालपुर्जाको बारेमा बुझ्न खोज्दा पनि नगरपालिका र भूमि आयोगले कुनै चासो नै नदिएको उनले गुनासो गरे।

यस्तै सुकुम्वासी विष्णु बस्यालले २२ वर्षदेखि लालपुर्जा दिन्छु भन्दै आश मात्रै देखाएको र आफूहरुलाई भोट बैंक बनाएको गुनासो गरिन्। 'सुकुम्वासीको लागि नाम दर्ता गराउनुहोस्, अबको केही दिनमै लालपुर्जा दिन्छु भन्छन् तर पछि दर्ता गरेको नाम नै नभेटिने गरेको छ।' उनले भनिन्।

'हाम्रा बुबा आमा लालपुर्जा पाउँछौ कि भनि आसै आसमा मरेको र हामी पनि वर्षौंदेखि लालपुर्जाको आसमा बसेका छौ। लालपुर्जा पाउँदिन कि भन्ने हामीलाई डर छ।' सोही ठाउँकी सुकुम्वासी लक्ष्मी नेपालीले भनिन्। यता गुर्भाकोट, बराहताल र भेरीगंगामा भएका भूमिहिन सुकुम्वासीहरुलाई भने लालपुर्जा वितरण गरिसक्दा पनि वीरेन्द्रनगर नगरपालिकाले भने बैठक बसेर तथ्यांक संकलनको भइरहेका र नगरपालिकामा तथ्यांक संकलनको स्क्यान गर्ने प्रविधि नहुँदा लालपुर्जा वितरणमा ढिलाइ भएको बताएको छ।

वीरेन्द्रनगर नगरपालिका उद्योग सहकारी तथा सामाजिक शाखा एवं भुसेवा केन्द्रका प्रमुख टंक प्रसाद लामिछानेका अनुसार लालपुर्जा वितरणको लागि तिव्र गतिमा काम भइरहेको छ। उनले अबको एक/दुई दिनमा सूचना प्रकाशन गरी कर्मचारीलाई स्थलगत रुपमा नाप जाँचको लागि खटाएर दुई महिना भित्रमा भूमिहिन सुकुम्वासीलाई लालपुर्जा वितरण गर्ने प्रतिबद्धता जनाए।

# चिलगाडी हेर्ने सपना ३८ वर्षपछि पूरा हुँदै

**मानबहादुर विश्वकर्मा/मध्यान्ह**
कालीकोट, २९ पुस



कालीकोटको सुनथराली विमानस्थल सञ्चालनमा ल्याउन झण्डै चार दशकदेखिको कालीकोटे जनताको सपना अब भने पूरा हुने भएको छ। सुनथराली विमानस्थल निर्माण अन्तिम चरणमा पुगेसँगै कालीकोटे जनताको चलिगाडी हेर्ने सपना पूरा हुने भएको हो। विमानस्थल निमार्णको काम अन्तिम चरणमा पुगेसँगै विमानस्थल धावनमार्गको काम पनि तीव्र गतिमा भइरहेको छ। सुनथराली विमानस्थललाई आगामी माघ १५ गते हस्तान्तरण गर्ने तयारी समेत गरिएको छ।

विमानस्थल रनवेको काम सकिएपछि विमानस्थल हस्तान्तरण गर्न लागिएको गाउँपालिकाले जनाएको छ। २०४२ सालबाट निर्माण थालिएको विमानस्थलमा २०७३ माघ २९ गते परीक्षण उडान भएको थियो। कर्णाली प्रदेशका तत्कालीन मुख्यमन्त्री जीवनबहादुर शाहीको पालामा परीक्षण उडान गरिएको थियो।

सशस्त्र द्वन्द्वका बेला विमानस्थल निर्माणको ठेक्का लिन कोही ठेकेदार तयार भएनन्। जसले गर्दा विमानस्थल निर्माण लामो समय अलपत्र परेको थियो। विमानस्थल निर्माणकै क्रममा २०५८ सालमा धादिङ जोगीमाराका १७ सहित ३५ जना मजदुरको मृत्यु भएको थियो। १८ जना कोटबाडाकै स्थानीय परेकान थिए। उनीहरूलाई त्यसै विमानस्थलमा गाडिएको थियो।

त्यसयता पूर्ण रूपमा बन्द रहेको विमानस्थलमा कालोपत्रे गर्न २०७५ साल साउनमा श्याम एण्ड शंकर जेभीले ठेक्का लिएको थियो। लामो समयपछि 'चिलगाडी' हवाईजहाज चढ्न पाउने भएपछि कोलिकोटवासीमा खुशी देखिएका छन्। नरहरिनाथ गाउँपालिकाका अध्यक्ष नगेन्द्रबहादुर विष्टका अनुसार धावन मार्ग ६९० मिटरको रहेको छ।

**३८ वर्षसम्म अल्झिएको विमानस्थल**

तत्कालीन जिल्ला विकास समितिले विमानस्थल निर्माणका लागि बजेट छुट्याएको थियो। तर दुर्गम भएका कारण कोही इञ्जिनियर जानै तयार भएनन्। द्वन्द्वका कारण तत्कालीन माओवादीहरुले पनि विमानस्थल निर्माण रोक्न लगाएको स्थानीयहरु बताउँछन्। माओवादी जनयुद्धका कारण २०५८ देखि २०६३ सालसम्म यो आयोजनाको कुनै पनि काम अघि बढ्न सकेन। विसं २०६३ पछि स्थानीय समिति निर्माण गर्दै यो आयोजना अघि बढाउन थालियो। तर, फेरि विमानस्थल स्थानीय दलहरुको आन्तरिक किचलोको शिकार बन्यो।

निर्माण समितिमा दलका प्रतिनिधिहरु सहभागी बनाइएको थियो। तर दलका प्रतिनिधिहरुको स्वार्थ भिन्न भिन्न भए। जसले निर्माण अघि बढाउने भन्दा पनि विमानस्थललाई थला पार्ने काम भएको स्थानीय बताउँछन्। दलका प्रतिनिधिहरुको किचलोका कारण अवरुद्ध विमानस्थलको निर्माण २०७१ साउनदेखि अघि बढ्यो। त्यसपछि निर्माण कार्य निरन्तर अघि बढ्यो। जसको परिणाम अहिले धावन मार्गमा कालोपत्रे भएर विमानस्थल सञ्चालनमा आउने अवस्थासम्म पुगेको छ।

# लायन्स क्लबद्वारा विद्यार्थीलाई कपडा वितरण

**सुशील सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २९ पुस




'लायन्स क्लब ब्राइट भिजन' काठमाडौंले विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको छ। इन्द्रावती गाउँपालिका वडा नम्बर ५ सूर्यकोट स्थित कालिका आधारभूत विद्यालयका ५० जना विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गरिएको हो। लायन्स क्लब अफ ब्राइट भिजन डिस्ट्रिक्ट नेपालको आयोजना र लायन्स क्लब काठमाडौं हाइ भिजन, लायन्स क्लब काठमाडौं दिव्य दृष्टि, लायन्स क्लब काठमाडौं अपेक्षा बाटिका र लायन्स क्लब काठमाडौं ग्लोबल स्टारको सहयोगमा विद्यार्थीहरूलाई स्वेटर, ट्र्याक सुट, स्टेसनसरी सामान, स्कुल व्याग र खेलकुद सामान वितरण गरिएको स्थानीय लायन्स राममणी गौतमले जानकारी दिए।

कार्यक्रमका प्रमुख अतिथि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष झलक कट्वालले जाडोको समयमा न्यानो कपडा तथा स्टेसनरी सामग्री वितरण गरेकोमा धन्यवाद व्यक्त गरेका थिए। कार्यक्रममा बोल्दै विशेष अतिथि अग्नि विलास अधिकारीले लायन्स क्लबको जन्मदाताको जन्म दिनको अवसरमा सहयोग गर्न पाएकोमा आफूहरू हर्षित रहेको बताए। उनले विद्यार्थीहरू भोलिको कर्णधार रहेको भन्दै मन लगाएर पढ्नसमेत आग्रह गरे। कार्यक्रमका सभाध्यक्ष एवं लायन्स क्लब ब्राइट भिजन काठमाडौंका अध्यक्ष नमिता विष्टले विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गर्न पाएकोमा खुसी व्यक्त गरिन्। कार्यक्रममा विद्यालयका शिक्षक शिक्षिका अभिभावक र अन्य स्थानीयहरूको सहभागिता रहेको थियो।

# अधिकृत पोखरेलविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस-** यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र सुकेधारा चावहिलका तत्कालीन निमित्त कार्यालय प्रमुख शाखा अधिकृत गणेश प्रसाद पोखरेलविरुद्ध भ्रष्टाचारको आरोपपत्र दायर गरिएको छ। पोखरेलसँग गैरकानूनी सम्पत्ति भएको भन्दै शुक्रबार उनीमाथि आरोपपत्र दायर गरिएको हो।

उनीसँग श्रोत नखुलेको १ करोड ६ लाख ३३ हजार ३ सय ३९ रूपैयाँ रहेकाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिम आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ।

यसैगरी पोखरेले सार्वजनिक सेवाको पदमा रहेर पदको दुरुपयोग गरी गैरकानूनी रुपमा श्रीमती बिमला न्यौपाने पोखरेलको नाममा जग्गाहरु खरिद, घर निर्माण, शेयर खरिद तथा बैंक खाताहरुमा रकम मौज्दात गरेको आरोप छ। आयोगका प्रवक्ता श्याम प्रसाद भण्डारीका अनुसार पोखरेलको गैरकानूनी सम्पत्ति जफत गरिनेछ। साथै उनीबाट जरिवाना पनि असुल गर्नेगरी विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको हो।

## प्रधानमन्त्रीको...

जुन कुरा सरकारको न्यूनतम साझा कार्यक्रममा समावेश भइसकेको छ।

सम्पत्ति छानबिन सम्बन्धी उच्चस्तरीय आयोगलाई लोकतन्त्रपछि राजनीतिक र प्रशासनिक दुवैको नेतृत्वमा रहेका शक्तिशाली पद धारणा गरेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न आयोग गठन गर्ने, न्यायिक सुधारका लागि सरल, प्रभावकारी तथा अविलम्ब बनाउने सरकारको साझा कार्यक्रममा उल्लेख छ। यो कार्यान्वयनका लागि चुनौतीपूर्ण देखिन्छ।

राप्रपाले सरकारमा सहभागी हुन पृथ्वी जयन्तीको अवसरमा सार्वजनिक बिदा दिनुपर्ने अडान राखेको थियो। जुन सरकारले पूरा गरिसकेको छ। तर, राप्रपा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता विरोधी हो। राप्रपाका सांसदहरुले प्रदेशमा प्रदेश संरचना आवश्यक नरहेको बताउन थालिसके। उनीहरु मन्त्री पनि होलान। मन्त्री भएर संघीयताविरोधी कार्यमा सरिक भएको खण्डमा प्रचण्डमाथि नै प्रश्न उठ्नेछ।

उपेन्द्र यादव नेतृत्वको जसपाले पनि सरकारमा सहभागी हुन सम्मानजक भागबन्डा माग गरेको छ। साथसाथै, जसपाले मधेसको केही मुद्दालाई उठाएको छ। जसपाले यसअघिको सरकारले दुई पटक संदनबाट पारित भएर गएको नागरिकता विधेयक तत्काल अघि बढ्नुपर्ने संसदीय दलका नेता रामसहाय यादव बताउँछन्।

उनी भन्छन्, 'नागरिकता नपाउँदा देशका अधिकांश नागरिक अनागरिक भएर बस्न बाध्य छन्। जन्मसिद्धका सन्तान अहिले पनि आमबुवा नागरिक र आफैं अनागरिक छन्। कैयौं आत्महत्या गर्नुपर्ने अवस्थामा छन्। अब एक महिनाभित्र नभएर तुरून्त यसलाई कार्यान्वयनमा लानुपर्छ।'

मधेसबाट उदाएको सीके राउत नेतृत्वको जनमत पार्टीले मधेस प्रदेश सरकारको नेतृत्वमा दाबी गरेको छ। आलोपालो सहमति नुसार पहिलो कार्यकाल जसपाले पाइसकेको छ। दोस्रोमा जनमतले नेतृत्व गर्ने समझदारी बनेको छ। जनमतले पनि नागरिकता समस्या समाधानदेखि भ्रष्टाचार नियन्त्रण गर्दै जनतालाई सहज रुपमा सेवा दिनुपर्नेमा जोड दिँदै आएको छ।

नागरिक उन्मुक्तिले टीकापुर घटनाको दोषी रेशम चौधरीलाई छाड्नुपर्ने मुख्य बटमलाइन बनाएको छ। अदालतबाट दोषी ठहर गर्दै जन्मकैद फैसला पाएको चौधरीलाई छाड्नुपर्ने मुख्य अडान भएको नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले बताइन्।

ठूला दलको नेता नभएकाले रेशमलाई फसाएको उनको आरोप छ। रञ्जिता रेशमकी श्रीमती हुन्। चौधरीसहित राजबन्दीहरुमाथि लगाइको मुद्दा झूटा भएकाले सरकारले तत्काल फिर्ता लिनुपर्ने उनको माग छ।

त्यसो त प्रधानमन्त्री प्रचण्डले पनि रेशमलाई छाड्ने आश्वासन दिएका छन्। सरकारलाई विश्वासको मत दिएर प्रतिपक्षमा बस्ने घोषणा गरेको नेकपा एकीकृत समाजवादीले पनि आफ्नो १५ बुँदे लिखित सुझाव दिएको छ। एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले सरकारलाई संविधानको रक्षा, परिपालन र संघीयताको कार्यान्वयन, सुशासनको सुनिश्चितता, संकटग्रस्त अर्थतन्त्रबाट देशलाई उन्मुक्ति, बेरोजगारी समस्या समाधानलगायत सुझाव दिएको छ।

अर्थात, प्रचण्ड विश्वास पाउँदै गर्दा प्रधानमन्त्री दाहालका सामु सर्तहरुका चाङ छन्। चुनौतीका पहडा छन्। उनकै शब्दमा उनी चुनौतीको सामना गर्न तयार भएर प्रधानमन्त्री बनेका हुन्। तर, कसरी काम गर्नेछन् भन्ने हेर्न बाँकी छ।

## शक्ति...

मन्त्रिपरिषदमा कानून मन्त्री थिए, २०७४ मा शेरबहादुर देउवा मन्त्रिपरिषद् शहरी विकास मन्त्री र भूमि व्यवस्थापन, सहकारी र गरीबी निवारण मन्त्री थिए।

२०५४ सालको स्थानीय निर्वाचनमा रौतहटको पतौरा गाविसमा वडाध्यक्षमा निर्वाचित भएका थिए। साविकको पतौरा गाविस उपाध्यक्ष सत्यनारायण राउतलाई २०५७ सालमा तत्कालीन जिविस सभापति राजेन्द्र पटेलको निवासमा कार्यवाहक अध्यक्ष बनाउन उनी हातपातमा समेत उत्रिएको स्थानीय नेताहरु बताउँछन्। उनी २०५७ सालमा माओवादी प्रवेश गरेका थिए।

भूमिगत माओवादी पार्टीले उनलाई मधेसी मुक्ति मोर्चामा संगठित गरेर तराईमा खटाएको थियो। मधेसका माओवादी नेता मातृका यादव र साहबीच लामो समयसम्म सम्बन्ध कायम रहन सकेन। दुबैबीच टकराव बढ्दै गयो। साह माओवादीभित्रको बाबुराम गुटमा सामेल भए।

माओवादीहरूको गुटवन्दीमा साह कमजोर बन्दै गएर पार्टी छोड्ने वा छुट्टै पार्टी खोल्ने विकल्प बारेमा सोच्दै थिए। ठीक त्यसैबेला एमाले र माओवादी मिलेर नेकपा बन्यो। नेकपा एकता भंग भएपछि एमालेमै बसे।

एमालेमा केही समय प्रदेश अध्यक्ष भएर प्रदेश सचिव सुमन प्याकुरेलको सहयोगमा उनले पार्टी चलाए। मधेस प्रदेशमा रघुवीर महासेठको प्रवेशपछि उनीसँग साहको टकराव बढ्न थाल्यो। त्यसपछि साह अध्यक्षबाट हटाइए र ज्वाला साहले अध्यक्षको जिम्मेवारी पाइन्।

त्यसपछि दुईजनाबीच टक्कर झन् बढ्दै गयो। साह प्रदेश इन्चार्ज भएर पार्टी कब्जा गर्न चाहन्थे। तर पार्टीको दशौं महाधिवेशनपछि रघुवीर महासेठ पार्टी सचिव र इन्चार्जसमेत बनाइए। सोही कारण उनले विधान महाधिवेशन बहिस्कार गरे। केन्द्रीय कमिटी बैठक र धेरैपटक प्रदेश कमिटी बैठकसमेत बहिस्कार गरे। चुनावसम्म पुग्दा एमालेले दिएको टिकट गोजीमा राखेर स्वतन्त्र उम्मेदारी दिए। चुनाव जिते। अहिले पार्टी बनाएर पार्टी विस्तारमा लागेका छन्।

## बढ्दै ...

इन्डोनेशिया लगायतका नयाँ मार्गको प्रयोग गरेर बढिरहेको तथ्यांकले देखाउँछ। त्यस्तै अस्ट्रेलिया लैजाने भन्दै जाकार्ता र बाली लगेर त्यहाँ बन्धक बनाउने अनि नेपालमा रहेका परिवारलाई अस्ट्रेलिया पुगिसक्यौं भन्न लगाएर दलालहरूले दशौं लाख रुपैयाँ ठगी गर्ने क्रम पनि नरोकिएको अनुसन्धानले देखाएको छ।

अझ पछिल्ला दिनमा इथियोपियाको 'रुट' हुँदै नेपाली युवतीलाई दुबई लैजाने गरेको पाइएको छ। भारतीय विमानस्थल प्रयोग गर्दै गत २२ पुसमा भारतको जयपुरस्थित अन्तर्राष्ट्रिय विमानस्थलबाट १२ नेपाली युवती पक्राउ परेपछि सो विषय बाहिर आएको हो।

मानव अधिकार आयोगको तथ्यांकअनुसार पनि नेपालबाट मानव बेचबिखन वर्षेनी ३५ हजारको हाराहारीमा हुने गरेको छ भने १५ लाख नागरिक बेचबिखनको जोखिममा रहेका छन्। सिरिया लगायतका द्वन्द्वग्रस्त मुलुकहरूबाट शरणार्थीका रूपमा टर्कीको बाटो हुँदै युरोप जाने गरेका समाचार आउन थालेदेखि दलालले नेपालीलाई पनि त्यस्तै आश्वासन दिएर लाने गरेको प्रहरीको भनाइ छ। अझ पछिल्ला दिनमा अध्यागमन र प्रहरीकै मिलेमतोमा मानवतस्करी बढ्न थालेको अनुसन्धानले देखाएको छ। भिजिट भिसामा जान चाहने नेपालीको बैंक खातामा कम्तीमा पनि दुई सय ५० अमेरिकी डलर हुनैपर्ने प्रावधान छ। तर यसको परीक्षण नगरी अध्यागमनले भ्रमण अनुमति दिएपछि मानव तस्करले युवाहरूलाई सजिलै दुबई पुऱ्याउने गरेका छन्। पछिल्ला दिनमा मानव तस्करी वृद्धि हुनुमा सामाजिक सञ्जालको पनि ठूलो भूमिका रहेको उद्धारकर्ताहरु बताउँछन्। बढ्दो बेरोजगारी समस्या र चेतनाको कमीका कारण बढेको मानवतस्करी रोक्न सरकारको पहल भने सुस्त देखिन्छ। तसर्थ, बढ्दो मानवबेचविखन रोक्न जनचेतना फैल्याउनुपर्ने र सामाजिक सञ्जाल प्रयोगका बारेमा गाउँगाउँसम्म सचेतना हुनु अत्यावश्यक देखिन्छ।

## भारतीय...

भइरहेको उनी बताउँछन्।

घरका कान्छा छोरा कुमार पढाइ छोडेरै नेपाल आएका रहेछन्। पढाइ छोड्नुको पीडा त उनमा हुने नै भयो। तर कमाइकै निम्ति त्यस्तो जोखिम राकेशले उठाएका छन्। उनको सपना भने आफ्नै ठाउँ फर्केर सानो पसल खोल्ने रहेछ।

उनले आफ्नो दुख पनि सुनाइहालें, 'नगरपालिकाले लखेट्छ। दौडेको दौडेइ गर्नुपर्छ। एक ठाउँमा बस्न पाए पो नियमित ग्राहक आइरहन्छन्।' काठमाडौं महानगरले फुटपाथको ब्यावसाय हटाउने नीति लिएपछि त्यसको असर राकेशलाई पनि परेको छ।

तैपनि दैनिक हजार पन्ध्र सय कमाउँछन्, उनी। विद्यार्थीहरुले चटपटे र पानीपुरी बढी रुचाउने उनी बताउँछन्। 'अरु बेला भन्दा क्याम्पस र विद्यालय खुल्दा फाइदा छ' राकेशले भने। आफूले कमाएको पैसा घर पठाउने पनि उनले सुनाए। 'यता मामा हुनुहुन्थ्यो। यही काम गर्नुहुन्थ्यो। मामा फर्किसक्नु भयो। अहिले एक्लै छु' राकेशले भने।

कीर्तिपुरको पाँगामा ४४ वर्षदेखि सैलुन चलाइरहेका रामकुमार ठाकुर पनि बिहारबाट आएका हुन्। उनको खानदानी पेशा हो, सैलुन। हेर्दा पाका देखिने ठाकुर आफ्नो पेशाबाट सन्टुष्ट देखिन्छन्। 'पढेर नि पैसा नै कमाउने हो भनेर यता आएर सैलुन खोलेको। घरमा बुवाले, दाईहरुले यही काम गरेको देखेर सानैमा सिकिहालेँ, यही काम गरेर जीवन बित्यो', उनी भन्छन्।

उनी दैनिक पच्चीस सयसम्म आम्दानी गर्छन्। 'पहिले पहिले त दिनको पाँच/ छ हजार कमाइ हुन्थ्यो। अहिले ठाउँ-ठाउँमा सैलुन छन्। 'पैलाको जस्तो हुन्न' ठाकुरले मन खिन्न पारे।

बल्खुमा बदाम बेच्ने अर्का व्यवसायी हुन्, लख्खन शाह। चिसोको समयमा ठेला घुमाउँदै उनी बदाम बेच्ने गर्छन्। चिसो बढेसँगै भारतबाट ६ महिनाको लागि नेपाल आउने उनी गर्मी बढेसँगै अथवा बदामको सिजन सकिएलगत्तै घर फर्किन्छन्। त्यही अवधीमा पनि दैनिक आठ सय देखि एक हजारको आम्दामी हुने गरेका उनको भनाइ छ।

उमेरले ६० कटेका शाह काम नगरी बस्न नरुचाउँदा रहेछन्। उनी भन्छन् 'छन् त छोराहरु नि छन्, उनीहरु पनि यही काम गर्छन्। आराम गर्ने समय हो, बस्नु पनि भन्छन् तर मनले मान्दैन।'

ठूलो सपना देख्ने नेपालीहरुले नगरेका यस्ता काम गर्ने थुप्रै भारतीय राजधानी काठमाडौंमा भेटिन्छन्, त्यो पनि दशकौं पहिलेदेखिका। उनीहरु नेपालमै काम गरेर भारतमा रहेका परिवार धानिरहेका छन्।

## संघमा...

छन्। प्रथम उपाध्यक्षमा किशोर केसी, डिक बहादुर खत्री, धनलाल जैसी र सुरज कुमार घुण्डेको उम्मेदवारी परेको छ। सो पदमा उम्मेदवारी दिएका संघका निवर्तमान महासचिव सुजितकुमार श्रेष्ठले उम्मेदवारी फिर्ता लिएका छन्।

द्वितीय उपाध्यक्षमा महम्मद जवारद्धिन मियाँ, परमेश्वर अधिकारी, अख्तर हुसेन, सञ्जु गुरुङ र बाबुराम खड्काको उम्मेदवारी परेको छ। तृतीय उपाध्यक्षमा मोहनकुमार ढुंगेल, अनिल बोगटी, ओमबहादुर न्यौपाने र रोशन कटुवालको उम्मेदवारी परेको छ। सो पदमा उम्मेदवारी दिएका कुवेर सिंह कोइरालाले उम्मेदवारी फिर्ता लिएका छन्।

महासचिवमा मेघनाथ भुर्तेल, लक्ष्मण पौडेल, मिलन कट्टेल र मधुकर रिजालको उम्मेदवारी दर्ता भएको छ। सो पदमा उम्मेदवारी दिएका अमर तिवारीले उम्मेदवारी फिर्ता लिएका छन्।

सचिवमा कर्णराज कटुवाल, नरेन्द्रप्रसाद पोखरेल, हर्कबहादुर लिम्बू, राजेन्द्र अधिकारी, गोमा गिरी क्षेत्री (अञ्जु), टक्कर बहादुर पाख्रिन र प्रेमराज लावतीको उम्मेदवारी परेको छ। कोषाध्यक्षमा हिमा गुरुङ, राधा बुडाथोकी, सरिता घले, सरस्वती सुवेदी र केदारनाथ अधिकारी (दिपेन्द्र)ले उम्मेदवारी दिएका छन्।

यसैगरी दश जना सदस्यहरुमा ३१ जनाको उम्मेदवारी परेको छ। सदस्यमा विक्रम श्रेष्ठ, कैलाश पाठक, चन्द्रकमल श्रेष्ठ, चन्द्रबहादुर लिम्बू, श्यामचन्द्र खतिवडा, एक नारायण काफ्ले, फिरोज खान, सन्दीप पुडासैनी, आनन्द कोइराला, कामेश्वर साह, शिवकुमार कुँवर, नारायण भुसाल, सरोज कुशवाह, भगीरथ भण्डारी, प्रेमबहादुर गिरी, हरिबहादुर गिरी, देवी माया थापा, रामप्रसाद न्यौपाने, बासु पुडासैनी, राजकाजी भलोन (राज) को उम्मेदवारी परेको छ।

त्यस्तै सदस्यमा बैकुण्ठप्रसाद पौडेल (वैभव), देउमान नेम्वाङ (डि.एम. सुब्बा), शिबहरि मैनाली (सितल), आनन्दप्रसाद कोइराला, खेमनाथ गौतम, मोहनप्रसाद आचार्य, राजेन्द्र बस्नेत, जनकलाल बस्तोला र उमेश महतोको उम्मेदवारी परेको छ।

अध्यक्षका उम्मेदवार खनाल तथा गुरुङ दुबैले आफू आधिकारिक भएको दाबी गरेका छन्। एशोसिएसनका पूर्व सल्लाहकार एस के पुरीले खनाल पक्ष आधिकारिक भएको बताए।आफु कुमुद खनालको अध्यक्ष उम्मेदवारीको प्रस्तावक रहेको जानकारी दिंदै भुवन आफ्नो नजिकको मित्र भए पनि पार्टीको शुभेच्छुक संस्थाको नाताले पार्टी प्रतिनिधिको निर्णय मान्नु पर्ने बताए। संघको यसपटकको निर्वाचन विद्युतीय मतदानको आधारमा गराउने निर्वाचन अधिकृत बालकृष्ण कोइरालाले जानकारी दिए। निर्वाचन समितिले आइतबार सबै उम्मेदवारको तस्बिर लिएर मेसिनमा राख्ने बताएको छ। मतदान मेसिनमा एक पटक दिएको मत सच्याउन पाउने व्यवस्था छ। मतपत्रमा भने मतदान गर्दा मत सच्याए उक्त मतपत्र बदर हुने अवस्था रहेको छ।

संघको २९ औं साधारणसभा र निर्वाचनका लागि ७ सय व्यवसायीले प्रतिनिधि पठाएका छन्। बिहीबार साँझसम्म ८ सय ८० सदस्य व्यवसायी संस्थामध्ये ७ सय व्यवसायीले प्रतिनिधि पठाएको निर्वाचन समितिका संयोजक ऋषि शर्माले जानकारी दिए। त्यसमध्ये ८ जना प्रतिनिधि मतदानका लागि अयोग्य देखिएको निर्वाचन समितिले जनाएको छ।

संघको कार्यसमितिको अध्यक्ष, तीन उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्षसहित ७ पदाधिकारी र १० सदस्य पदको निर्वाचन हुने व्यवस्था छ। संघको विधानमा ४ सदस्य अध्यक्षले मनोनयन गर्ने व्यवस्था छ।

## अधिकारीको...

रहेका छन्। नवगठित कार्यसमितिमा डमरु रिसोर्स प्रा.लि.का प्रदीप कार्की, काबेली ह्युमन रिसोर्स प्रा.लि.का लोकनाथ रिमाल, आकृति रिक्रुटिङका डिल्लीराम भुर्तेल, लिभरपुल एचआर प्रा.लि.का महेन्द्र पालुङ्गा, अजित एमएम प्रा.लि.का सूर्यकुमार श्रेष्ठ, गणपति ओभरसिज प्रा.लि.का डिल्लीप्रसाद सुवेदी, नवराज गिरी र रमेश आचार्य सदस्य रहेका छन्।

निकट भविष्यमा वृहत् भेला गरी संघको विस्तार गरिने राप्रपाका सम्पर्क समाज विभागका प्रमुख, प्रवक्ता गोपाल दाहालले जानकारी दिएका छन्।

# प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा विवाद



**मध्यान्ह संवाददाता**
बाजुरा, २९ पुस

हिमाली गाउँपालिका वडा नम्बर-७ मा प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा विवाद देखिएको छ । २०७९ सालको प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत उपभोक्ता समिति गठनमै विवाद देखिएपछि वडा नम्बर-७ का १ सय ५० बढी घरधुरीका नागरिकले प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा असन्तुष्टि जनाएका हुन् । प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा गाउँपालिका भित्रका आर्थिक स्थिति कमजोर घरपरिवारलाई रोजगार दिनुपर्ने व्यवस्था भएपनि पार्टीगत हिसाबले स्वरोजगार कार्यक्रममा अन्य व्यक्तिलाई रोजगार दिइएको पाइएपछि विवाद भएको हो ।

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम गरिब दलित अपाङ्ग असहाय महिलाका लागि पेट पाल्नका लागि गाउँपालिकाले रोजगारीको व्यवस्था गरेको हो । तर बाजुराको हिमाली गाउँपालिका वडा नम्बर ७ मा भने गाउँपालिकाबाट आएको योजनाको एकलौटी ढंगबाट कांग्रेसका कार्यकर्तालाई रोजगारीमा लगाइएको पाइएको छ । गाउँपालिकाले आर्थिक स्थिति कमजोर भएका घरपरिवारहरुका लागि रोजगार दिएपनि यस वडामा भने आर्थिक अबस्था कमजोर नभई कांग्रेसले एकलौटी रुपमा आफ्ना मान्छेलाई रोजगारीमा समेटेको हिमाली गाउँपालिका वडा नम्बर- ७ का स्थानीय राजेन्द्र प्रसाद तिमिल्सेनाले बताए ।

स्थानीय तिमिल्सेनाका अनुसार गाउँपालिकाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत आर्थिक अवस्था नाजुक भएका व्यक्तिलाई रोजगारीका लागि योजना दिएको हो । तर वडामा अलि पहुँचवालकै हात भएपछि नाजुक अवस्थाका व्यक्तिको नाम रोजगारमा नसमेटिएको उनले गुरे ।

वडा नम्बर ७ का १ सय ५० घरधुरी भित्र आर्थिक अवस्था कमजोर भएका कुनैपनि व्यक्तिको नाम प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा समेटिएको छैन । त्यसैले स्वरोजगार कार्यक्रममा विवाद देखिएको उनले बताए । यता हिमाली गाउँपालिकाका रोजगार संयोजक वीर्षराज पाण्डेले विवादबारे आफू अनविज्ञ रहेको बताए । त्यस्तो विवाद देखिएको भए समाधान गर्ने उनको भनाइ छ । पुस १५ गतेबाट काम शुरु हुँदै आएको र अहिले विद्यालय घेरबारको काम भइरहेको उनले जानकारी दिए ।

उपभोक्ता समिति गठन गर्न खाजेको भएपनि गठन गर्नेकै दिनमा वडा अध्यक्ष नभएका कारण उपभोक्ता समिति गठनको काम रोकिएको गाउँपालिकाका रोजगार संयोजक पाण्डेले बताए । गाउँपालिकाकाले आर्थिक वर्ष २०७९ सालको प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत सय दिनका लागि गाउँपालिका भित्र आर्थिक अवस्था कमजोर भएका परिवारहरुका लागि रोजगारीको व्यवस्था गरिएको पाण्डेको भनाइ छ ।

सय दिन भित्रपनि ५० दिन सीप विकास तालिम गर्ने कुरा गाउँपालिकामा आएकाले त्यसको लागि कार्यपालिकाको बैठक पछि मात्रै छलपल हुने र कसलाई कसरी छनोट गरी लैजाने भन्ने विषयमा बैठकमा छलफल गरिने उनले बताए ।

# बागमती सेवा समाजका अध्यक्ष कार्की सम्मानित

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, २९ पुस



सर्लाही हरिवनस्थित बागमती सेवा समाज नेपालका अध्यक्ष भरत कुमार कार्की उत्कृष्ट समाजसेवीको रुपमा सम्मानित भएका छन् ।

अध्यक्ष कार्कीले समाजसेवाको क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै मैनाली सेवा समाज सर्लाहीले आफ्नो नवौं वार्षिक साधारणसभाको अवसरमा कार्कीलाई उत्कृष्ट समाजसेवीको रुपमा सम्मान गरेको हो ।

हरिवनस्थित सम्राट पार्टी प्यालेसमा मैनाली सेवा समाज सर्लाहीका अध्यक्ष केदारनाथ मैनालीको अध्यक्षता तथा केन्द्रीय वरिष्ठ उपाध्यक्ष कपिलमुनी मैनालीको प्रमुख आतिथ्यतामा भएको साधारणसभाको अवसरमा समाजसेवी कार्कीलाई कार्यक्रमका अध्यक्ष, प्रमुख अतिथिसहित विशिष्ट अतिथि हरिवन नगरपालिकाका नगर प्रमुख रमेश बुढाथोकीले नगदसहित दोसल्ला ओढाई सम्मान पत्रबाट सम्मान गरेका मैनाली सेवा समाज सर्लाहीले जनाएको छ ।

मैनाली सेवा समाजले बागमती सेवा समाजको अध्यक्ष हुनुभन्दा अगाडिकै समयदेखि सम्मानित व्यक्तित्व कार्कीले तन,मन र वचनले गरेको समाजसेवाको कार्य सराहनिय रहेको ठहर गरी सम्मान गरेको जनाएको छ ।

'आफ्नो जीवनको मूल्यवान अवसर,समय र आर्थिक रुपमा सबल बन्ने ईच्छा चाहानालाई कुनै प्रवाह नगरी स्वास्थ्य,शिक्षा र खानेपानीको क्षेत्रमा अतुलनीय र अनुकरणीय कार्य मात्र हैन आगलागि, बाढी पीडित र शितलहरले प्रभावित अपाङ्ग,असहाय, अशक्तहरुको आशा भरोसाको केन्द्र तथा सारथीको रुपमा उल्लेखनीय कार्य गरेवापत तपाईलाई मैनाली सेवा समाज नेपाल, जिल्ला कार्यसमिति सर्लाहीले जिल्ला भरिका विभिन्न समाजसेवी मध्ये उत्कृष्ट समाजसेवीको रुपमा सम्मान गर्न पाउँदा गौरभान्वित महसुस गरेका छौं' मैनाली सेवा समाजले समाजसेवी कार्कीलाई प्रदान गरेको सम्मान पत्रमा लेखिएको छ ।

समाजले अगाडि उल्लेख गरेको छ,'तपाईको आगामी दिन सफल रहोस् र समाज सेवाको क्षेत्रमा लागि रहन साहस प्राप्त भइरहोस् भन्ने कामना गर्दै यो सम्मान प्रत्र प्रदान गरिएको छ ।'

सम्मान ग्रहण गर्दै समाजसेवी कार्कीले यो सम्मानले आफूलाई थप समाजसेवा गर्ने प्रेरणा मिलेको बताए । उनले आफूलाई योग्य ठानी सम्मान गरेकोप्रति आयोजक मैनाली सेवा समाजलाई धन्यवाद समेत व्यक्त गरे । सम्मानित व्यक्तित्व कार्की गैर सरकारी संस्था महासंघ र नेपाल रेडक्रस सोसाईटीमा समेत आवद्ध छन् ।

# तारेभीरमा साहित्य सम्मेलन



**काठमाडौं/मस-** शिवपुरी क्षेत्रले चिनिने काठमाडौंको नजिकै रहेको गोकर्णेश्वर नगरपालिका क्षेत्रको विकट तारेभीरमा अहिले पर्यटन महोत्सव चलिरहेको छ । यही माघ १ र २ गते भव्यरुपमा मनाउन लागिएको सो महोत्सवको पूर्वसन्ध्यामा एक वृहत् साहित्य सम्मेलन सम्पन्न भएको छ । लामो समयदेखि कागेश्वरी पर्यटन महोत्सव मनाउँदै आइरहेका परिकल्पनाकार पूर्वमन्त्री रामेश्वर फुयाँलको अगुवाइमा धेरै वर्षअघिदेखि गोकर्णको शिरभाग तारेभीरमा हालै कवि गोष्ठी सम्पन्न भएको छ ।

फुयाँलको प्रमुख आतिथ्य र कवि वेदमणि घिमिरेको सभापतित्वमा ५ दर्जन स्रष्टाहरुको जमघटमा भएको एकदिवसीय कार्यक्रमका विशिष्ट अतिथिहरुमा कवि एवं विश्लेषक अच्युतप्रसाद पौडेल चिन्तन रहेका थिए । कवि रामकुमार पण्डित क्षेत्रीले सञ्चालन गरेका सो साहित्य सम्मेलनमा ५६ स्रष्टाहरुले आ-आफ्नो रचना वाचन गरेका थिए । रचना वाचन गर्नेहरुमा कणाद महर्षि, क्यापिटल टेलिभिजनकी कार्यक्रम प्रस्तोता सरस्वती गौतम, कविहरु परशुराम पराजुली, शारदा पराजुली, घनश्याम पुडासैनी, मधुसूदन पाण्डेय, निबन्ध कल्पना, जनार्दन अधिकारी, धड्कन, लीलाधर पाण्डे, राजेशमान केसी आदि रहेका थिए । अत्यन्तै विकट तारेभीरबाट काठमाडौंको समथर दृश्य हेर्दै सबैजसो आगन्तुकहरु मनमोहक भएका देखिन्थे भने स्थानीय स्कूलको प्राँगणमा सम्पन्न सो कार्यक्रमका पाहुनाहरुलाई स्थानीय भेषभूषामा झल्किएका महिला समूहबाट स्वागत तथा खाँदा अर्पण गरी सम्मान गरिएको थियो । स्रष्टा अच्युतप्रसाद पौडेल चिन्तनले वाल्यजीवनको झ-झल्को त्यसक्षेत्रमा टहलिँदा 'तारेभीरमा सलाम छ शिरमा', 'सुनको औंठी चढाउँला मंसिरमा' भन्ने गीत तथा आफ्नो रचना 'छाता वारि म पारि' शीर्षकको राजनीतिक व्यंग्य कविता सरस ढंगबाट प्रस्तुत गरेका थिए ।

# उच्च शिक्षाका लागि शहीद नारायण पोखरेल क्याम्पसको भूमिका अहम्



**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २९ पुस ।

सैनामैना ६ कलौनीस्थित शहीद नारायण पोखरेल रामपुर क्याम्पसको क्याम्पस सभा २०७९ भव्यताका साथ सम्पन्न भएको छ ।

क्याम्पस सञ्चालक समितिका अध्यक्षको अध्यक्षता लुम्बिनी प्रदेशका सांसद भुमिश्वर ढकालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

सो अवसरमा प्रमुख अतिथि भुमिश्वर ढकालले क्याम्पसका गतिविधिको प्रशंसा गर्दै प्रदेशको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए ।


यस्तै सैनामैना नगरपालिकाका नगर प्रमुख फडेन्द्रप्रसाद शर्माले यस क्याम्पसले उच्च शिक्षाका लागि अहम् भूमिका निर्वाह गरिरहेको भन्दै नगरपालिका पनि हर तवरबाट समन्वय गर्दै अगाडि बढ्ने बताए । कार्यक्रममा अन्य वक्ताहरुले क्याम्पसका गतिविधिलाई आफूले नजिकबाट नियाल्दै आएको बताउँदै विगतमा झैँ आगामी दिनमा पनि सहयोगलाई जारी राख्ने धारणा व्यक्त गरेका थिए । क्याम्पस प्रमुख हेमबहादुर थापाले आफ्नो प्रतिवेदन प्रस्तुत गर्दै क्याम्पसको वर्तमान अवस्था र भावी योजनामाथि प्रकाश पारेका थिए ।

सोही अवसरमा क्याम्पसका विद्यार्थीले फरक-फरक प्रकारका नृत्यहरु पस्कदै मनोरञ्जन प्रदान गराएका थिए ।

कार्यक्रमको सञ्चालन सहायक क्याम्पस प्रमुख जगलाल गिरि र स्वागत मन्तव्य सञ्चालक समिति सदस्य एवं सैनामैना नगरपालिका वडा नं ६ का वडा अध्यक्ष गोपाल पोखरेलले गरेका थिए ।

# बेवारिसे अवस्थामा राखिएको चुल्हो सिमकोट ल्याइयो

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २९ पुस



हुम्ला जिल्ला प्रदेश निर्वाचन (ख) को वडा ५ को नल्ला गाउँको पुलमा नौ महिना देखि बेवारिसे राखिएको सुधारिएको चुल्हो सिमकोट ल्याइएको छ । उक्त ठाउँमा बेवारिसे राखिएका १ सय १७ वटा चुलो सिमकोट ल्याइएको हो । सो स्थानमा वै शाखमा ३ सय ५७ वटा चुल्हो नल्ला पुलमा ल्याइएका थिए । तर, केही दिनअघिसम्म १ सय १७ वटा बेवारिसे अवस्थामा थिए। ट्याक्टर मालिक कुल रावतले नल्लामा रहेका चुल्हो सिमकोट ल्याएको बताए । यसअघि उनले ढुवानी भाडा नपाएको भन्दै ती चुल्हो ढुवानी गर्न मानेका थिएनन् । नल्ला आइपुगेका चुलोमध्ये २ सय ४० थान सुधारिएको चुलो यसअघि नै रावतले सिमकोट ल्याइसकेका थिए । उनले नौ महिनाअघि ती चुल्हो सिमकोट ल्याएर आफ्नो घरमा राख्दै आएका छन्। चुल्होमा 'नेपाल सरकार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा लक्षित वर्गमा वितरण' लेखिएको छ । त्यसका लागि सम्पर्क गर्ने माध्यम भने केही उल्लेख गरिएको छैन । चुल्हो सिमकोट गाउँपालिकाका लक्षित वर्गका लागि आएका हुन् । ०७७/७८ मा वैकल्पिक ऊर्जाले सिमकोट गाउँपालिकामा छनोट भएका घरधुरीका लागि टेण्डर प्रक्रियाद्वारा सप्लायर्स छनोट गरी सम्झौता गरेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक निर्देशक रणबहादुर थापाले जानकारी दिए । उक्त आर्थिक वर्षमा चुलो खरिद र ढुवानी गरेर सिमकोट गाउँपालिकाका लक्षित वर्गलाई वितरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ। प्रति चुल्हो आठ हजार पाँच सयसम्म मूल्य पर्ने भएका कारण एक हजार १ सय १६ घरधुरीका लागि चुल्हो वितरणको जिम्मा सप्लायर्स गाल्भा निर्माण सेवासँग सम्झौता भएको थियो ।

अझै ७५९ चुल्हो सप्लायर्सले जिल्लामा नल्याएको देखिएको छ । सो कार्यक्रमका लागि केन्द्रले ९४ लाख ९४ हजार पाँच सय रुपैयाँ लगानी गरेको देखिन्छ । केन्द्रमा सिमकोट गाउँपालिकाका छनोट भएका सबै घरधुरीले चुल्हो पाएको भरपाइसमेत पेस भएर भुक्तानीसमेत भइसकेको छ। सेवाग्राहीले नपाएको जानकारी आएपछि केन्द्र पनि यसबारे खोजीमा लागेको छ । लक्षित वर्गका लागि चुल्हो धेरै आउनुपर्ने तर जिल्लामा सीमित चुल्हो आएका छन् ।

दुई वर्ष अगाडि लक्षित वर्गले पाउने चुल्हो नपाएको र यसबारे कुनै जानकारी समेत नहुनु आशंका गर्ने ठाउँ धेरै रहेको देखिन्छ। खरिद तथा ढुवानीको जिम्मा पाएको गाल्भा निर्माण सेवाका प्रतिनिधि कृष्ण केसीले भौगोलिक विकटता र हिमपातको कारण सबै चुलो हुम्लामा पुऱ्याउन नपाएको जानकारी दिए ।

# पोखरीमा डुबेका युवकको शव १८ घण्टापछि निकालियो



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २९ पुस

सिरहामा माछा मार्ने क्रममा पोखरीमा डुबेका युवकको शव सशस्त्र प्रहरीले १८ घण्टापछि निकालेको छ ।

सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प गोलबजारका प्रहरी निरीक्षक सूर्य धमलाको कमाण्डमा खटिएको विपद व्यवस्थापनको टोलीले पोखरीमा डुबेका नरहा गाउँपालिका ३ नभटोली टोलका गणेश सदाको शव शुक्रबार बिहान १० बजे निकाल्न सफल भएको हो।

बिहीबार अपरान्ह ४ बजे पोखरीमा माछा मार्ने क्रममा चिप्लिएर पोखरीमा डुबेका थिए । पोखरीमा डुबेको केहीबेरमै नेपाल प्रहरी र नेपाली सेनाले खोजतलास गरेपनि फेला पार्न सकेको थिएन ।

शुक्रबार विपद व्यवस्थापनको टोली र सशस्त्र प्रहरी बल बेस क्याम्प गोलबजारको प्रहरी निरीक्षक सूर्य धमलाको नेतृत्वमा गएको टोलीले शव फेला पारेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

बिहीबार अपरान्ह मलामी गएर घर फर्किंदै गर्दा उनी बाटोमै पर्ने पोखरीमा मरेको माछा तैरिएको देखेपछि माछा समात्न पोखरीमा पस्दा चिप्लिएर लडेका थिए । चिप्लिएर लडेको केहीबेर पौड्ने प्रयास गरेपनि उनी फेरि डुबेको स्थानीयले बताए । शवको प्रकृति हेर्दा उनको हातमा अझैँ माछा समातिरहेको देखिएको छ । सोही माछा लिएर उनी डुबेका थिए । माछामार्ने क्रममा श्रीमती समेत सँगै थिइन् । सो पोखरीमा तीन दिन पहिला माछा मार्न विषादी समेत हालिएको स्थानीयले बताएका छन् ।

# फरार प्रतिवादी पक्राउ

**आर एन यादव/मध्यान्ह**
राजविराज, २९ पुस

जिल्ला प्रहरी कार्यालय सप्तरीले डाँका मुद्दाका फरार एक प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको सुरुङ्ग नगरपालिका वडा नम्वर ६ बस्ने ३८ वर्षीय संजय भन्ने संजिव कुमार चौधरी रहेका छन् ।

चौधरीलाई डाँका मुद्दामा जिल्ला अदालत सप्तरीले २०७१ असार १७ गते ३ वर्ष कैद सजाय सुनाएको थियो । गाउँघरमै लुकीछिपी बसेको अवस्थामा उनलाई बिहीबार नियन्त्रणमा लिएर जिल्ला अदालत सप्तरीमा शुक्रबार उपस्थित गराई कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक नरेश कुमार सिंहले बताए ।

# पत्रकारमाथि हातपात

**काठमाडौं/मस-** नयाँ बानेश्वर चोकमा अनधिकृत संरचना भत्काउने क्रममा समाचार संकलनका लागि पुगेका पत्रकारमाथि हातपात भएको छ । समाचार संकलनका लागि पुगेका पत्रकारहरुमाथि स्थानीय व्यापारीहरुले हातपात गरेका हुन् । काठमाडौं महानगरपालिकाले आफ्नो संरचना भत्काएको आक्रोशमा स्थानीय व्यापारीहरु सञ्चारकर्मीहरुमाथि खनिएका हुन् । अनधिकृत संरचना हटाउने क्रममा समाचार संकलनका लागि पुगेका पत्रकार कृष्ण कट्टेलले आफूहरुलाई हातपात भएको बताए । 'अरु मिडियाकर्मीसँगै ममाथि जाइलाग्ने क्रममा एक मोबाइल पसलेले एक्कासी मलाई प्रहार गर्नुभयो । नबुझी जे पायो त्यहि समाचार लेख्ने भन्दै जाइलाग्ने क्रममा उहाँले मेरो संवेदनशील अंगमा प्रहार गर्नुभयो' पत्रकार कट्टेलले भने । आफूहरुमाथि हातपात भएपछि पत्रकारहरुले प्रहरीमा उजुरीसमेत दिएका छन् ।


## माइण्ड म्यानेजमेन्ट

'सफल हुनेले बहाना बनाउँदैन
बहाना बनाउने सफल हुँदैन ।'



आचार्य श्री स्वामी ध्रुव (माइन्ड म्यानेजमेन्ट गुरु)
इन्टरनेशनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

**हकदावी सम्बन्धी सूचना**
प्रकाशित मितिः २०७९/०९/३०

यस कार्यालयमा दर्ता भएको को **सनराईज एकेडेमीको** नामक एकेडेमीको दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त एकेडेमीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०९/३०

**प्युठान स्वर्गद्वारी प्रभु इन्स्टिच्युट प्रा.लि.** को मिति २०७९/०९/१८ गतेमा सम्पन्न एकल शेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दुर्गा एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं.: २३०९००)** कायम गर्ने गरी मिति २०७९/०९/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार

कम्पनीः KOBE STEAK AND MORE
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.: ६०१९५०१७ LT. No. 279199 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1700 | ५८,९२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ७ गते (21 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Pokhara Recruitment (P.) Ltd.
Sitapaila, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851152243
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np


## अत्यन्त जरुरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **यस डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि. (श्रम इजाजत पत्र नं. ८९६/०६७/०६८)** को नाममा **डराउने पोखरी-६, काभ्रे** स्थायी ठेगाना भएको **रविन्द्र अधिकारी** (ना.प्र.नं. ०१-०६७-८३६७) (Passport No. 11268583) को यस प्रा.लि. सँग कुनैपनि सम्बन्ध र सरोकार नरहेको यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदै निजसँग यस प्रा.लि.को नाममा कुनै पनि वैदेशिक रोजगार सम्बन्धी कारोवार नगर्न/नगराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचनालाई बेवास्था गरी आर्थिक र अन्य कारोवार गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने समेत सबैमा सूचित गरीन्छ साथै यस प्रा.लि. सम्बन्धी कुनै पनि आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्नुहुन अनुरोध छ ।

SOLUTION NEPAL (P) LTD.
Gov. Lic. No.: 896/067/068
डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.
टाउन प्लानिङ्ग, सामाखुसी,काठमाडौं,

कथा

# व्यवहारमा परिवर्तन



■ विश्वराज अधिकारी

गोकुलले मतिर हेर्दै भने "जे कुरा देखेर आयो अन्त कतै, त्यो आफ्नो घरमा पनि हुनुपर्ने । नयाँ कुनै कुरा देख्यो, किन्नै पर्ने । कसैले कुनै कुरा गर्‍यो, मैले पनि त्यो गर्नुपर्ने । कसैले कार किन्यो मैले पनि किन्नुपर्ने । नकिने, मैले जिन्दगीमा केही गर्न नसकेको ठहर्ने । त्यति मात्र हो, कसैले आफैले कार चलाएर काठमाडौंबाट पोखरा गएको रिताले सुन्नु मात्र पर्छ, म पनि त्यसै गरी काठमाडौंबाट जानुपर्ने, न गए म हिम्मतहारा हुने । घरमा मेरा साथीहरु आएको बेला कुनैले भन्यो ऊ पियचडी गर्दैछ, मैले पनि पियचडी गर्नुपर्ने । मैले पियचडी गर्ने सुर देखाई नभने म गफ मात्रै लगाउने तर, पढाईमा कमजोर रहेको प्रमाणित हुने । कसैले काठमाडौंमा अर्को घर किन्यो मैले पनि किन्नुपर्ने, किन्न नसके म जिवनमा असफल भएको अर्थ लगाउन गाह्रो नहुने, रितालाई । निष्कर्षमा भन्ने हो भने म हिन्दी फिल्मको हिरो हुनुपर्ने मेरो वाइफको लागि । हिन्दी फिल्मको हिरोले जे पनि गर्न सक्ने जस्तै मैले पनि गर्न सक्नु पर्ने, जे पनि । हिन्दी फिल्मको हिरोले एक्लैले मुख्य भिलेन र उसका बिसौं सहायकहरुलाई पछारेर आफू शक्तिशाली रहेको प्रदर्शित गरे झै मैले पनि आफू त्यो हिरो जत्तिकै शक्तिशाली रहेको रितालाई व्यवहारद्वारा देखाउनु पर्ने । म सबै ठाउँमा अग्रस्थानमा हुनुपर्ने र त्यस्तो हुन नसके म हुत्तिहारा त भएँ भएँ तर, त्योभन्दा पनि बढी रितालाई एक हुत्तिहाराको वाइफ हुनु परेको ग्लानीले चिमोट्ने । उनको प्रतिष्ठामा क्षति पुग्ने । म त मेरो वाइफको यस्तो मनोविज्ञानबाट वाक्क भइसकें । छ त्यस्तो कुनै उपाय, उनको यस्तो मनोविज्ञानमा परिवर्तन ल्याउन सकिने, हँ कमल ?"

गोकुलले फेरि भने, "कमल, मैले मेरो बाइफलाई धेरै पटक भनिसकेको पनि छु, हेर म सामान्य मान्छेले तिम्रो हरेक चाहना पूरा गर्न सक्दिन । मैले तिम्रो हरेक त्यस किसिमको चाहना पुरा गर्न म हिरो नै हुनु पर्दछ, हिन्दी फिल्मको । हिरो भए भने मात्र मैले तिमीले जे इच्छा गरे पनि त्यो पूरा गर्न सक्छु । तर, एउटा कुरा के याद राख भने संसारमा त्यस्तो मान्छे भेट्न सकिँदैन जसले आफूले इच्छा गरेको सम्पूर्ण कुरा हासिल गर्न सकोस् वा धेरै कुरा एकै चोटी गर्न सकोस् । हरेक व्यक्तिको क्षमताको एउटा निर्धारित सीमा हुन्छ । एक सफल डाक्टर एक सफल साहित्यकार एक सफल राजनीतिज्ञ, एक सफल चित्रकार, सबै कुरा एकै पटक हुन सक्दैन । र, यदि उसले त्यस्तो हुन चाहन्छ भने न त ऊ एक सफल डाक्टर हुन सक्छ न त साहित्यकार नै । यसै गरी न त एक सफल राजनीतिज्ञ नै हुन सक्छ । बरु त्यस्तो चाहना राख्ने व्यक्ति डिप्रेसनको सिकार हुन्छ । त्यस्ताले सुख र उल्लासमय यो जिवनलाई पनि अभिषप्त तुल्याउँछ । त्यसैले, मनमा आए जतिका तिम्रा सबै चाहनाहरु मैले पूरा गर्न सकौं भनी तिमीले सधैं यसरी नै चिताउने गरेमा एकातिर म लघुताभाषको दलदलमा भास्सिदै जान्छु भने अर्कोतिर तिमी धकेलिने छेउ कुन्ठाको भव सागरमा ।"

विदेशी मुद्रामा संकुचन आउने अर्को महत्वपूर्ण सूचक आयात हो । चालू आर्थिक वर्षको पाँच महिनामा आायत घटेको छ । आर्थिक वर्ष २०७९/८० को पाँच महिनामा कुल वस्तु आयात २०.७ प्रतिशत कमी आई छ खर्ब ६४ अर्ब ७५ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ५९.५ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २०.० प्रतिशत, २२.६ प्रतिशत र २१.४ प्रतिशतले कमी आएको छ ।

मंसिरसम्म ३४.६ प्रतिशत निर्यात घटेको हो । मंसिरसम्म कूल वस्तु निर्यात घटेपनि ६७ अर्ब ३० करोड रुपैयाँको निर्यात भएको हो । गत वर्षको सोही अवधिमा १०५.६ प्रतिशत निर्यात वृद्धि भएको थियो । सबैभन्दा धेरै निर्यात भारत र चीनतर्फ भएको छ । भारतमा ४३.७ प्रतिशत र चिनमा ३५.९ प्रतिशत निर्यात घटेको छ । अन्य मुलुकतर्फको निर्यात ७.१ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० को पाँच महिनामा कुल वस्तु व्यापार घाटा १८.८ प्रतिशतले कमी आई ५९७ अर्ब ४४ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ५४.७ प्रतिशतले बढेको थियो ।

### शोधनान्तर स्थिति बचतमा

चालू आर्थिक वर्षको पाँच महिनामा शोधनान्तर स्थिति ४५ अर्ब ८७ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति १९५ अर्ब एक करोड रुपैयाँले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब ६४ करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ३४ करोड ६८ लाखले बचतमा रहेको छ । चालू आर्थिक वर्षको पाँच महिनामा चालु खाता ३७ अर्ब ९१ करोड रुपैयाँ घाटामा रहेको छ । गत वर्षको सोही अवधिमा चालु खाता २९८ अर्ब ५१ करोड रुपैयाँले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब ५१ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा २९ करोड ७२ लाखले घाटामा रहेको छ ।

समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर २५.३ प्रतिशतले कमी आई तीन अर्ब ४७ करोड रुपैयाँ कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ६० करोड ४९ लाख रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर चार अर्ब ६४ करोड रुपैयाँ र खुद प्रत्यक्ष वैदेशिक लगानी सात अर्ब सात करोड रुपैयाँ रहेको थियो ।

# निर्माण व्यवसायीद्वारा पूर्वाधारमन्त्री श्रेष्ठसँग छलफल



**काठमाडौं/मस** - क्रसर बन्द हुदा निर्माणाधीन आयोजनाहरुमा समस्या शुरु भएको भन्दै नेपाल निर्माण व्यवसायी महासंघको टोलीले उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेको छ । शुक्रबार टोली उपप्रधानमन्त्री श्रेष्ठलाई भेटेर नदी तथा खानीजन्य निर्माण सामग्रीको उत्खननमा देखिएको समस्याले निर्माण उद्योगमा परेको समस्याबारे ध्यानाकर्षण गराएको छ ।

महासंघ अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलले निर्माण उद्योगका लागि अति आवश्यक कच्चा पदार्थ गिट्टी, बालुवा, ढुंगा, माटो लगायतका निर्माण सामग्रीहरू उत्खनन, ओसारपसार लगायतमा समस्या भएसँगै निर्माण कार्यहरू ठप्प भएको जानकारी गराएका छन् । गृह मन्त्रालयको निर्देशनपछि मुलुकभरका आधाभन्दा बढी क्रसर उद्योग बन्द भइसकेको भन्दै अध्यक्ष सिंहले त्यसको प्रत्यक्ष मारमा निर्माण उद्योग परेको बताए । उनले एक वर्षको समय दिएर क्रसर उद्योगहरूलाई वैद्य बनाउन सकिने सुझाव दिए । निर्माण उद्योगलाई चलायमान बनाउन मोबिलाइजेसन बापतको २० प्रतिशत रकम उपलब्ध गराउन र म्याद थपमै समयसापेक्ष हुने गरी माइलस्टोनको व्यवस्था गर्न अध्यक्ष सिंहले आग्रह गरे ।

मन्त्री श्रेष्ठले क्रसर उद्योगमा देखिएको समस्यामा समाधानका लागि छलफल भइरहेको भन्दै चाँडै निकास खोजिने बताए । सरकारले क्रसर संचालनका लागि नयाँ मापदण्ड बनाउने जानकारी दिँदै उपप्रधानमन्त्री श्रेष्ठले गुणस्तरीय निर्माण सामग्री उत्पादन भएमात्र गुणस्तरीय निर्माण हुने बताए ।

# नबिलद्वारा ३० प्रतिशत लाभांशको प्रस्ताव पारित




**काठमाडौं/मस** - नबिल बैंकको ३८औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सभाले गत आर्थिक वर्षको नाफाबाट बैंकको संचालक समितितले सिफारिस गरेअनुसार ३० प्रतिशत लाभांश वितरण गरिने प्रस्ताव अनुमोदन गरेको छ । बैंकले आव २०७८/७९ को मुनाफाबाट शेयरधनीलाई १८.५ प्रतिशत बोनस शेयर र ११.५ प्रतिशत नगद लाभांश वितरण प्रस्ताव गरेको थियो । सो प्रस्ताव शुक्रबार भएको साधारण सभाले पारित गरेको हो ।

बोनस शेयर वितरणपछि बैंकको चुक्ता पूँजी २७ अर्ब रुपैयाँ माथि हुने छ । साधारण सभाले संस्थापक शेयरधनी समूह तर्फका तीन संचालकको निर्वाचन समेत गरेको छ । निर्वाण चौधरी, मलय मुखर्जी र एआरएम नजमुस शकिब संचालकमा निर्वाचित भएका छन् । नबिल बैंक आव २०७८/७९ मा निजी क्षेत्रका बैंकहरुमध्ये उच्चतम मुनाफा आर्जन गर्ने बैंक हो ।

# एनआईसी एशियाको २५औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं/मस** - एनआईसी एशिया बैंक लिमिटेडको २५ औं वार्षिक साधारण सभा शुक्रबार सम्पन्न भएको छ । बैंकको वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक विवरणहरू उपर छलफल गरी स्वीकृत गरेको छ ।

साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन/थप गर्ने प्रस्ताव पनि पारित गरेको छ । सो सभाले कात्तिक २ मा सम्पन्न सञ्चालक समितिको ५७१औं बैठकको निर्णयानुसार सर्वसाधारण शेयरधनी समूहको तर्फबाट सञ्चालकमा केशवप्रसाद लम्साललाई नियुक्त गरेको निर्णयलाई अनुमोदन समेत गरेको छ ।

बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ सञ्जाल विस्तार गरेको बैंक हो । यस बैंकले मुलुकभर ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०५ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ ।

# सिटिजन्सको एपबाटै मुद्दती खाता खोल्न र ऋण लिन सकिने




**काठमाडौं/मस** - सिटिजन्स बैंक इन्टरनेसनलले मोबाइल एपबाटै मुद्दती निक्षेप खाता खोल्ने नयाँ सुविधा ल्याएको छ । बैंकले भौतिक रुपमा शाखामा जाँदा हुने झन्झट कम गर्न सिटिजन्स स्मार्ट एपबाट सिधै मुद्दती निक्षेप खाता खोल्ने नयाँ सुविधा ल्याएको हो ।

एपबाट ग्राहकहरूले विभिन्न मुद्दती निक्षेप योजना, अवधि र इच्छित रकम चयन गर्न सक्ने बैंकले जनाएको छ । बैंकको अनुसर फिक्स्ड डिपोजिट रकमको न्यूनतम सीमा १० हजार र अधिकतम रकम ५० लाख रुपैयाँसम्म सेट गरिएको छ । त्यसैगरी, एपबाट ग्राहकहरूले मुद्दती निक्षेप रकमको ९० प्रतिशतसम्म ऋणको लागि अनुरोध पनि गर्न सक्नेछन् ।

यसका साथै बैंकले बैंकको कर्पोरेट कार्यालयमा रहेको केआओएसके सेल्फ-सर्भिस प्रणालीबाट मुद्दती निक्षेप खोल्ने सुविधा पनि ल्याएको छ । बैंकले देशैभरी फैलिएका आफ्ना १८१ वटा शाखा, ३ वटा विस्तारित काउण्टर, १३३ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ ईकाईहरुबाट बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई**
नेपालगञ्ज, बाँके

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
(प्रकाशित मिति २०७९/०९/३० गते)

यस कार्यालयको सूचना नं. १/२०७९/०८० मिति २०७९/०८/०९ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आहवानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुमध्ये देहाय बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भइ स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | DUDBC/FPIU/Banke/ Works/ NCB/ 2079/080-01 | Rampur Budi Kulo to 2 no. wada Karyalaya Road Upgradation Work at Barbardiya, Bardiya. | Hemant Construction, Barbardiya-11, Bardiya | 45,81,197.48 |
| 2 | DUDBC/FPIU/Banke/ Works/ NCB/ 2079/080-02 | Baniyabhar-Rani Jamara Road Upgradation Work at Bar Bardiya Municipality, Bardiya | Jagannath Nirman Sewa, Lamkichuha-03, Kailali | 46,89,376.74 |
| 3 | DUDBC/FPIU/Banke/ Works/ NCB/ 2079/080-03 | Construction of Road from Prabhat Ma.Vi. Sikta Nahar to Gruwagaun Road at Baijnath -5, Banke | Washistha Nirman Sewa, Geruwa-06, Bardiya | 64,92,221.42 |
| 4 | DUDBC/FPIU/Banke/ Works/ NCB/ 2079/080-04 | Construction of Road from Nursing Home Esha Medical Chowk towards north at Nepalgunj ward No.12, Banke | Kalika Nirman Sewa, Nepalgunj-1, Banke | 36,61,578.46 |
| 5 | DUDBC/FPIU/Banke/ Works/ NCB/ 2079/080-05 | Upgrading & Improvement of Jabdigaun bishnumarg Sagunmarg Lamkiphata Road at Barbardiya-11, Bardiya | Karnali Nirman Sewa, Baijnath-01, Banke | 34,75,896.21 |
| 6 | DUDBC/FPIU/Banke/ Works/ NCB/ 2079/080-06 | Upgrading & Improvement of Dhobiya Jabdahawa Road at Barbardiya-05, Bardiya | Karnali Nirman Sewa, Baijnath-01, Banke | 28,73,514.52 |
| 7 | DUDBC/FPIU/Banke/ Works/ NCB/ 2078/079-07 | First & Second Floor Construction of District Treasury Controller Office Nepalgunj, banke | Raj Builder, Nepalgunj-12, Banke | 28,97,743.19 |

आयोजना प्रमुख

**मलेसियामा रोजगार** | कम्पनी: LEE WAH TRADING COMPANY
शहर: Malaysia, KAULALUMPUR
पूर्व स्वीकृत मितिः २०७९/०९/२९ चलानी नं.: ६०१९४९८० LT. No.: 279404

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging Worker | 4 | 0 | स. काममा दक्ष | 1500 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ७ गते (21 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Niwida ISO 9001 R09112301
**NIWIDA CONCERN PVT. LTD.**
Govt. Lic. No.: 711/064/065
Sinmangal-9, Kathmandu, Tel : 4470711, 4470811
E-mail: info@niwidaconcern.com,Web.: www.niwidaconcern.com

**UAE मा रोजगार** | कम्पनी: NEW WEST ZONE SUPERMARKET & DEPARTMENT STORE L.L.C.
शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/१६ चलानी नं.: ६०१६९४३९ LT. No.: 252802 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commercial Sales Representative | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packer | 9 | 10 | | 1200 | ४२,५४० | | | | | | | |
| 3. | Shop Assistant | 10 | 0 | | 1200 | ४२,५४० | | | | | | | |
| 4. | Stall & Market Salesperson | 30 | 30 | | 1200 | ४२,५४० | | | | | | | |
| 5. | Vegetable & Fruits Preserver | 7 | 0 | | 1200 | ४२,५४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ७ गते (21 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal
Govt. Lic. No.: 519/061/062
Contact: 01-4112217, Email: gcdworldwide2@gmail.com

**साउदीमा रोजगार** | कम्पनी: NESMA UNITED INDUSTRIES CO. LTD
शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०७८/०९/२६ चलानी नं.: ६०१९४७९० L.T. No.: 279318

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Unique Occupation Worker (Labour) | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 15 | 0 | | 1000 | ३४,६६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ७ गते (21 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु. १०,०००/- अन्य नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.**
श्रम इजाजत नं. ५२१/०६१/०६२
पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं । फोन: ४७२१११४, ४७२०५४२, फ्याक्स: ४२२११२८
Email:- rolex.nepal@gmail.com, Mobile: 9851044752 / 9851092212 / 9851058444

# सन्दीप लामिछाने धरौटी बुझाएर रिहा



**काठमाडौं/मस–** बलात्कार आरोप लागेका नेपाली क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछाने थुनामुक्त भएका छन्। उच्च अदालत, पाटनले तोकेको पाँच बुँदे सर्त पालन गर्ने प्रतिबद्धतासहित २० लाख रुपैयाँ धरौटी बुझाएर लामिछाने थुनामुक्त भएका हुन्।

उच्च अदालत पाटनका न्यायाधीशद्वय रमेश ढकाल र ध्रुवराज नन्दको इजालसले बिहीबार रू २० लाख धरौटी बुझाएर थुनामुक्त गर्न आदेश दिएको थियो। लामिछाने तीन महिना नौ दिन कारागारमा बसेर थुनामुक्त भएका हुन्। लामिछानेका कानून व्यवसायी सरोजराज घिमिरेले अदालतको सर्तलाई पालना गर्ने र अब बाँकी कानूनी लडाई लड्ने बताए।

जिल्ला अदालत काठमाडौंको थुनछेक आदेशविरुद्ध उच्च अदालत पाटनमा पुनरावलोकनको निवेदन दिइएको थियो। उक्त निवेदनमाथिको सुनुवाइपछि अदालतले धरौटी लिएर थुनामुक्त गर्न आदेश गरेको हो।

लामिछाने काठमाडौं उपत्यका बाहिर जाँदा जिल्ला प्रहरी कार्यालय काठमाडौंको अनुमति लिनुपर्नेछ भने पीडित परिवारलाई कुनै पनि माध्यमबाट सम्पर्क गर्न, डर, त्रास वा धम्की दिन नपाउने गरी थुनामुक्त गरिएको हो।

लामिछानेमाथि नाबालिग किशोरीलाई बलात्कार गरेको आरोपमा गत कात्तिक १४ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो। सरकारी वकिल कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने मागसमेत गरिएको थियो। लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका थिए।

### सातौं एनभीए क्लब भलिबल

# आर्मी, पुलिस र एपीएफ सेमिफाइनलमा




**काठमाडौं/मस–** राजधानीमा जारी सातौं एनभीए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको महिलातर्फ समूह छिनोफानोका लागि भएको प्रतिस्पर्धामा त्रिभुवन आर्मी क्लबले अर्को विभागीय टोली एपीएफमाथि ३-२ को रोमाञ्चक जित निकाल्दै समूह विजेता बनेर अन्तिम चारमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सम्पन्न खेलमा पराजित भएपनि एपीएफ उपविजेता बनेको बन्दै सेमिफाइनलमा पुगेको हो। निकै रोमाञ्चक बनेको खेलमा आर्मीले पहिलो सेट २५-२० ले बाजी मारेको थियो। दोस्रो र तेस्रो सेट भने आर्मीले एपीएफलाई १९-२५ र १३-२५ को सेटमा नतिजा सुम्पियो। त्यसपछि दबाबमा परे पनि सम्हालिएको प्रदर्शन गरेको आर्मीले चौथो सेटमा उत्कृष्ट पुनरागमन गरेपछि खेल २-२ सेटको बराबरीमा पुगेको थियो। निर्णायक तथा पाँचौं सेटमा आर्मीले शुरुवातबाट नै नाटकीय एकपक्षीय प्रदर्शन गर्न सफल भयो। सोही क्रममा आर्मीले १५-५ को जित निकाल्न सफल भयो। यस नतिजासँगै महिलातर्फको प्रतिस्पर्धामा पनि सेमिफाइनल समिरकण पूरा भएको छ। अब सेमिफाइनलमा आर्मीले साविक विजेता न्यु डायमण्ड युथ स्पोर्ट्स क्लबसँग तथा उपविजेता एपिएफले समूह 'ए' को विजेता पुलिससँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछन्। दुबै सेमिफाइनल शनिबार हुनेछन्।

त्यस्तै पुरुषतर्फ विभागीय टोलीद्वय त्रिभुवन आर्मी क्लब र एपीएफ क्लब राधानीमा जारी सातौं एनभीए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ। दिनका पहिलो खेलमा आर्मीले गण्डकी प्रदेशलाई र एपीएफले केशवलाल स्मृति भलिबल प्रशिक्षण केन्द्रलाई पराजित गर्दै अन्तिम चारमा प्रवेश गरेका हुन्। यस्तै शुक्रबार नै सम्पन्न पुरुषतर्फको अर्को खेलमा नेपाल पुलिस क्लबले दावाँली मिलिन क्लबलमाथि जित निकाल्दै अन्तिम चारमा स्थान बनायो।

आर्मीले अन्तिम चारमा स्थान बनाउने क्रममा आर्मीले गण्डकीलाई ३-१ को सेटमा पाखा लगाएको हो। सुखद् नतिजा निकाल्ने क्रममा आर्मीले पहिलो सेट गण्डकीमाथि २५-२२ को अग्रता लिएको थियो। दोस्रो सेटमा भने सुधारिएको खेल देखाएको गण्डकीले २५-२१ ले जित्दै खेललाई १-१ सेटको बराबरीमा ल्याएपनि तेस्रो सेटमा २५-१० निरिह बन्यो। चौथो सेटमा पुनरागमन गर्न निकै संघर्ष गरेको गण्डकीले २६-२४ को नतिजा सुम्पिँदै प्रतियोगिताबाट बाहिरियो। पुरुषतर्फकै अर्को खेलमा अर्को विभागीय टोली एपीएफले केशवलाल स्मृति भलिबल प्रशिक्षण केन्द्रलाई ३-० को सोझो सेटमा स्तब्ध बनायो। एपीएफले केशवलालमाथि २५-१४, २५-१९ र २५-२० को सोझो सेटमा जित निकाल्दै अन्तिम चारमा स्थान बनायो। यस्तै अर्को खेलमा पुलिसले दावाँली मिलन क्लबलाई ३-१ को सेटमा पराजित गऱ्यो। पुलिसले दावाँलीलाई २५-१६, २४-२६, २५-१९ र २५-१८ ले हराउँदै अन्तिम चारमा स्थान बनाएको हो।

शुक्रबारकै अर्को खेलमा गण्डकी प्रदेशले कृष्ण सेकेण्डरी एकेडेमी काभ्रेलाई ३-० को सोझो सेटमा पराजित गर्दै समूह 'बी' मा तेस्रो भएको छ। यससँगै गण्डकी प्रदेश एनभीए क्लब लिगका लागि छनोट भएको छ। एकतर्फी भएको खेलमा गण्डकीले कृष्ण सेकेण्डरीमाथि २५-८, २५-१० र २५-५ को सहज जित निकालेको हो।

# नेम्वाङको संयोजकत्वमा ए डिभिजन लिग सञ्चालन समिति गठन




**काठमाडौं/मस–** अध्यक्ष पंकजविक्रम नेम्वाङको संयोजकत्वमा अखिल नेपाल फुटबल संघ (एन्फा)ले आसन्न सहिद स्मारक ए डिभिजन लिगका लागि सञ्चालन समिति गठन गरेको छ।

शुक्रबार सातदोबाटोस्थित एन्फा मुख्यालयमा बसेको एन्फाको आकस्मिक बैठकले अध्यक्ष नेम्वाङको संयोजकत्वमा सम्पूर्ण कार्यसमितिका सदस्यहरु सदस्य रहने गरी लिग सञ्चालनका लागि समिति गठन गरेको हो।

'ए' डिभिजन लिग २०७९ को टिकट दर भीआइपी परापिटतर्फ ३०० र साधारण परापिटतर्फ १०० साथै 'बी' डिभिजन लिग २०७९ र 'सी' डिभिजन लिग २०७९ को टिकट दर १०० तय गर्ने निर्णय बैठकले गरेको छ।

'ए' डिभिजन लिगको टिकेटिङ अधिकारकोलागि न्युनतम एक करोड पचास लाख र शीर्षक प्रायोजक बाहेकका कर्मसियल र मार्केटिङ अधिकारको लागि न्यूनतम एक करोड पचास लाख तोकेर टेन्डर आह्वान गर्ने निर्णय बैठकले गरेको छ।

बैठकले ए, बी र सी डिभिजन लिगको आयोजनाका लागि आवश्यक पर्ने सेवा तथा सामग्रीको लागि टेन्डर आह्वानको जिम्मेवारी एन्फा सचिवालयलाई प्रदान गर्ने निर्णय गरेको छ। यस्तै एन्फा ए, बी र सी डिभिजन लिगका लागि तीन सदस्यीय इन्ट्रीग्रिटी समितिको गठन गर्ने निर्णय गरेको छ।

ए डिभिजन लिग फागुन १९ गतेदेखि र बी डिभिजन लिग चैत १५ गतेदेखि शुरु हुने तालिका छ।

बैठकले महान् खेलाडी पेलेको निधनमा शोक प्रस्ताव पारित गरेको एन्फाले जनाएको छ। ब्राजिललाई तीनपटक विश्वकप जिताएका पेलेको ८१ वर्षको उमेरमा पुस १४ गते निधन भएको थियो।

# नेपालले भारतसँग मैत्रीपूर्ण खेल खेल्ने




**काठमाडौं/मस–** नेपाली राष्ट्रिय महिला टिमले अर्को महिना भारतविरुद्ध अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेल्ने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) को शुक्रबार बसेको आकस्मिक बैठकले मैत्रीपूर्ण खेलका लागि भारतले पठाएको प्रस्ताव स्वीकार गरेको हो।

एन्फाका अनुसार भारतले फेब्रुअरी १३ देखि २५ का बीचमा मैत्रीपूर्ण खेल खेल्न प्रस्ताव पठाएको छ। नेपाली महिला टिमले भदौमा घरेलु मैदानमा सम्पन्न साफ महिला च्याम्पियनसिपमा भारतलाई १-० ले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो।

साफ च्याम्पियनसिपको इतिहासमा नेपालले भारतलाई पराजित गरेको यो नै पहिलोपटक थियो। यद्यपि, नेपाल फाइनलमा भने बंगलादेशसँग ३-१ ले पराजित भएको थियो।

# फिफा वर्ष खेलाडी मनोनयनमा मेस्सीदेखि अल्भारेजसम्म, अटाएनन् रोनाल्डो




**काठमाडौं/एजेन्सी–** फिफाले हरेक वर्ष प्रदान गर्ने फिफा वर्ष खेलाडीको मनोनयन सार्वजानिक गरेको छ। २०२२ को फिफा उत्कृष्ट खेलाडीका लागि विश्व विजेता अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीसहित चर्चित स्टारले मनोननयमा नाम अटाउँदा पोर्चुगिज स्टार क्रिस्टियानो रोनाल्डो भने प्रारम्भिक सूचिमानै अटाएनन्।

पुरुषतर्फ मनोनयनमा पर्न सफल खेलाडीहरुमा लियोनेल मेस्सी, जुलियन अल्भारेज, जज बेलिङ्गम, करिम बेन्जामा, केभिड डि ब्रएना, अर्लिङ हालान्ड, आसरफ हाकिमी, रोवर्ट लेवान्डोस्की, साडियो माने, केलिएन एम्बाप्पे, लुका मोड्रिच, नेमार, मोहम्मद सलाह, भिनिसियस जुनियर रहेका छन्।

त्यस्तै, महिलातर्फ एइटाना बोनमाटी, डेविना, जेसी फ्लेमिङ, आदा हेगरवर्ग, साम केर, वेथ मेड, भिभाडनी मिडेमा, एलेक्स मोर्गन लिना ओवर्डैर्फ,अलेक्जान्ड्रो पोप, एलिसिया फुटेलास, विन्डाइ रेनार्ड, केइरा वाल्स, लिया विलयमसन।

पुरुष उत्कृष्ट गोलरक्षकमा इमिलियानो मार्टिनेज, एडर्सन, थिवाउट कोर्टाइज, यसिने बौउनौउ र एलिसन बेकर रहँदा महिला उत्कृष्ट गोलरक्षकमा एन-कट्रिन बेरगर, मेरिय अर्पस, क्रिश्टियानी एन्डलर, मर्ली फ्रोम्स, एसिसा नहेर, सान्द्रा पानोस गार्सिया रहेका छन्।

त्यस्तै पुरुष उत्कृष्ट प्रशिक्षकमा कार्लो एन्सेलोटी, डिडियर डेसच्याम्प, पेप ग्वार्डिओला, वालिड रेग्रागुई, लियोनेल स्कालोनी रहँदा उत्कृष्ट महिला प्रशिक्षकमा सोनीया बोमपास्टर, एमा हायस, बेभ प्रिस्टम्यान, पिया सुनधागे, मार्टिना भोस टेक्लानवर्ग, सरिना वेगम्यान मनोनयनमा परेका छन्।

**भूल सुधार**

मिति २०७९/०९/२९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित UAE को कम्पनी TAFAWUQ FACILITIES MANAGEMENT LLC रोजगार शिर्षकको, चलानी नं.: ६०१६३६३९ र L.T. No.: 246512 को पून विज्ञापनमा अन्तर्वार्ता मिति बसुन्धारा बैंक्वेट, बसुन्धारा, काठमाडौंमा २०७९ माघ ६ गते (20 January 2023), सिपी होटल झापामा २०७९ माघ ७ गते (21 January 2023), र होटल दिव्य श्री कास्की पोखरामा २०७९ माघ ८ गते (22 January 2023) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

STARIS HR SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई**
वीरेन्द्रनगर, सुर्खेत

**आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना**

**प्रकाशित मितिः– २०७९/०९/३०**

यस कार्यालयबाट मिति २०७९/०६/३० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको निर्माण कार्यका लागि E–Bid मार्फत बोलपत्र आह्वान गरिएकोमा दर्ता भएका बोलपत्रहरुमध्ये निम्न बोलपत्रदाताहरुको बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपसिलका बोलपत्रदाताहरु सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को उपनियम (४) र (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताव मिति २०७९/१०/०९ गते दिनको १:०० बजे यस कार्यालयमा खोल्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

| सि.नं. | ठेक्का नं. | कामको नाम | उत्तिर्ण बोलपत्रदाता |
|---|---|---|---|
| १ | FPIU/SURKHET/WORKS/NCB/04/079/80 | Integrated Urban Infrastructure Development Works in Chaurjahari Municipality, Rukum West. | SHIVA SHAKTI - SAKURA JV, New Baneshwor, Kathmandu. |

आयोजना प्रमुख

**मलेसियामा रोजगार** | कम्पनी : BP HEYAP LEYONG SDN BHD
शहरः Malaysia,BATU PAHAT
पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.: ६०१९४९६५ LT. No.: 279330

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : NEST WORLD SDN BHD शहरः Malaysia,JOHOR
पूर्व स्वीकृत मितिः २०७९/०९/२८ चलानी नं.: ६०१९४९६४ LT. No.: 279331

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ७ गते (21 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम ईजाजत पत्र नं. ३१२/०५९/०६०
**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
चाबहिल- ७, काठमाडौं, फोनः ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

**UAE मा रोजगार** | कम्पनी : VIVA PREMIERE INVESTMENT LLC
शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/०९/०८ चलानी नं.: ६०१९३६८९ LT. No.: 278199 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Artificial Flowers Sales | 2 | 1 | स. काममा दक्ष | 1650 | ५८,४९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bakery Products Sales | 2 | 1 | | 1650 | ५८,४९३ | | | | | | | |
| 3. | Bakery Sales Assistant | 30 | 30 | | 1650 | ५८,४९३ | | | | | | | |
| 4. | Dairy Products Maker | 14 | 11 | | 1650 | ५८,४९३ | | | | | | | |
| 5. | Dairy Products Sales | 2 | 2 | | 1650 | ५८,४९३ | | | | | | | |
| 6. | Fruit And Vegetable Preserver | 40 | 40 | | 1650 | ५८,४९३ | | | | | | | |
| 7. | Poultry Products Sales | 0 | 2 | | 1650 | ५८,४९३ | | | | | | | |
| 8. | Shop Assistant | 75 | 75 | | 1650 | ५८,४९३ | | | | | | | |
| 9. | Soft Drinks Sales | 1 | 1 | | 1650 | ५८,४९३ | | | | | | | |
| 10. | Stationary Sales | 2 | 1 | | 1650 | ५८,४९३ | | | | | | | |
| 11. | Stevedore | 30 | 30 | | 1650 | ५८,४९३ | | | | | | | |
| 12. | Vegetable And Fruit Assistant | 51 | 51 | | 1650 | ५८,४९३ | | | | | | | |
| 13. | Vegetables And Fruits Sales | 2 | 2 | | 1650 | ५८,४९३ | | | | | | | |
| 14. | Water Salesman | 2 | 0 | | 1650 | ५८,४९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ७ गते (21 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal
Email:worldgcd@gmail.com
Govt. Lic. No.: 519/061/062
Mobile: 9801399971 | 9801399972 | 9801399973 | 9801399974 | 9801399975 | 9801399976

मध्यान्ह
www.madhyanhadaily.com

३० पुस २०७९, शनिबार
14 January 2023, Saturday

# बक्स अफिस समाचार

## मुद्दा हालेर मलाई काम गर्न दिइएन : भुवन केसी

**काठमाडौं/मस-** चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले चलचित्र सुटिङका क्रममा नै भिडियो खिचेर सार्वजनिक गर्ने क्रम बढिरहेको भन्दै त्यस्ता क्रियाकलाप गर्नेलाई जरिवाना र फिल्ममा हुने क्षति तिराउने गरी कानून निर्माण गर्न लागिएको बताएका छन् ।

शुक्रबार काठमाडौंमा भएको चलचित्र निर्माताहरुको वृहत भेला तथा छलफल अन्तरक्रिया कार्यक्रममा बोल्दै यस्तो बताएका हुन् । उनले पछिल्लो समय नेपाली फिल्म बनाउन धेरै नै गाह्रो भइरहेको बताए । उनले चलचित्र निर्माणका लागि स्टुडियो, प्रहरीको भ्यान लगायतका स्वीकृति लिन नै झन्झट व्यहोर्नुपरेको बताए । उनले नेपाली निर्माताहरु फिल्म निर्माणका लागि घरखेत बेचेर लाग्ने गरेको तर युट्युब पत्रकारहरुले सिनेमाको दृश्य पहिल्यै खिचेर सार्वजनिक गरि दिँदा निर्माताहरुलाई ठूलो क्षति भइरहेको बताए । उनले कुनैपनि व्यक्तिले अमर्यादित क्रियाकलाप गरेको खण्डमा कडा सजाय दिने मात्र नभई जरिवाना र फिल्ममा परेको क्षतिपूर्ति तिराउन सरकारसँग माग गरिएको बताए ।

अध्यक्ष केसीले चलचित्र विकास बोर्डको अध्यक्ष भएर आएको ५/६ महिना मात्रै भएको भन्दै आफूलाई विभिन्न मुद्दा हालेर काम गर्न नदिएको गुनासो गरे । उनले आफू कुन बेला निस्किन्छ र म चलचित्र विकास बोर्डको अध्यक्ष बनौं भन्ने लोभ गर्ने मान्छेहरुले काम गर्न नदिएको बताए । उनले आफ्नो कार्यकालमा चलचित्र विकासको लागि राम्रा काम गर्ने प्रतिवद्धता जनाए । उनले चलचित्र क्षेत्रलाई प्रवर्द्धन गर्न सबै निर्माताहरु एकजुट हुनुपर्ने बताए । अध्यक्ष केसीले चलचित्र विकास बोर्डका लागि आवश्यक बजेट सरकारले दिन नसकेको गुनासो गरे ।

यस्तै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्यालले नेपाली चलचित्रहरु किन चल्न सकेनन् भन्नेबारे गहन अध्ययन हुनुपर्ने बताए । उनले दर्शकका चाहना, रुचीलाई पूरा गर्न नेपाली फिल्महरु किन असक्षम भइरहेका छन् भन्ने बारेमा गम्भीर छलफल र समीक्षा गर्न चलचित्रकर्मीहरुलाई आग्रह गरे । उनले चलचित्र प्रदर्शनी गर्दापनि कसरी चलचित्र चलाउन सकिन्छ ? कसरी दर्शकको मन जित्न सकिन्छ भन्नेकुराको विचार गर्न आवश्यक रहेको बताए । उनले विदेशी फिल्महरुको दबदबा रोक्नुपर्छ भन्दै गर्दा दर्शकले रुचाउने र चाहने कुराहरुको परिपूर्ति गर्न नेपाली फिल्महरु किन असक्षम छन् भन्ने बारेमा चलचित्रकर्मीहरुले पहिलो ध्यान दिन आवश्यक रहेको बताए । उनले नेपाली चलचित्रलाई अघि बढाउन बजार बिस्तारको आवश्यक रहेको पनि बताए ।




सचिव अर्यालले चलचित्र क्षेत्रका समस्या पहिचान गरेर मन्त्रालयमा समस्या लिएर आए मन्त्रालयले आवश्यक काम कारबाही अघि बढाउन सहजीकरण गर्ने प्रतिवद्धता गरे ।

त्यस्तै चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले विदेशी फिल्म नेपालमा भित्र्याउँदा उनीहरुबाट किनेर ल्याएको मूल्य अनुसारको कर लागू गर्न चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीलाई आग्रह गरे । उनले विदेशी फिल्म किनेर ल्याएको मूल्यअनुसारको कर नउठाउने बोर्डको नीति न्यायोचित नभएको बताए ।

अध्यक्ष खड्काले विदेशी फिल्म ल्याउँदा त्यसको कर होलसेलमा लिने नीतिले देशलाई घाटा हुने बताए । उनले चलचित्र व्यपार मात्रै नभएको भन्दै भाषा, संस्कृति, कला, भेषभुषा, राष्ट्रको विम्व भएको बताए । उनले कला, साहित्य देशको मेरुदण्ड भएकाले व्यापारको नाममा सहजै विदेशी चलचित्रहरुलाई निर्यात गरेर नेपाली चलचित्रहरुलाई अफ्ठयारो पार्ने स्थिति बन्द गर्नुपर्ने बताए । उनले नेपाली फिल्महरु हलमा चलेको पहिलो दिन नेपाली फिल्महरुलाई ६० प्रतिशतसम्म हलहरु उपलब्ध गराउनुपर्ने माग राखे ।

अध्यक्ष खड्काले नेपाली चलचित्रमा लिइँदै आएको स्थानीय कर छुट गर्नुपर्ने र स्थानीय कर छुट निर्मातालाई फिर्ता

## 'दिलराजा'मा गरिमा र सुधिर

**काठमाडौं/मस-** गायिका रचना रिमाल र गायक भीम दोर्जे तामाङको स्वर रहेको 'दिलराजा' बोलको गीतको भिडिओ रिलिज भएको छ ।

काठमाडौंको चोभार, कपन, भद्रकालीलगायतका स्थानमा छायांकन गरिएको भिडिओमा पछिल्लो समय चर्चा कमाएका मोडलद्वय गरिमा शर्मा र सुधिर श्रेष्ठको अभिनय देख्न सकिन्छ । उक्त गीतमा शब्द र संगीत रमेश दर्नालको रहेको छ ।

भिडिओले गहिरो प्रेममा रहेका जोडीको सफलताको प्रेम कथालाई देखाएको छ । लोकप्रिय गीतकार लोकराज अधिकारी क्रिएटिभ डाइरेक्टर रहेको भिडिओमा अतिथि कलाकारको रूपमा सुब्रत आचार्य छन् । शरद पाण्डेको कन्सेप्ट र निर्देशन रहेको भिडिओको छायांकन उत्सव दाहाल र सम्पादन विकाश दाहालले गरेका हुन् । जसको निर्माण दिपखुशी लामाले गरेकी हुन् । भिडिओ निर्मात्री लामाकै अफिसियल च्यानलबाट बजारमा आएको हो ।



## तारेभीरमा साहित्य सम्मेलन सम्पन्न

काठमाडौं/मस- शिवपुरी क्षेत्रले चिनिने काठमाडौंको नजिकै रहेको गोकर्णेश्वर नगरपालिका क्षेत्रको विकट तारेभीरमा अहिले पर्यटन महोत्सव चलिरहेको छ । यही माघ १ र २ गते भव्यरुपमा मनाउन लागिएको सो महोत्सवको पूर्वसन्ध्यामा एक वृहत् साहित्य सम्मेलन सम्पन्न भएको छ ।

लामो समयदेखि कागेश्वरी पर्यटन महोत्सव मनाउँदै आइरहेका परिकल्पनाकार पूर्वमन्त्री रामेश्वर फुयाँलको अगुवाइमा धेरै वर्षअघिदेखि गोकर्णको शिरभाग तारेभीरमा हालै कवि गोष्ठी सम्पन्न भएको छ ।

फुयाँलको प्रमुख आतिथ्य र कवि वेदमणि घिमिरेको सभापतित्वमा ५ दर्जन स्रष्टाहरुको जमघटमा भएको एकदिवसीय कार्यक्रमका विशिष्ट अतिथिहरुमा कवि एवं विश्लेषक अच्युतप्रसाद पौडेल चिन्तन रहेका थिए ।

कवि रामकुमार पण्डित क्षेत्रीले सञ्चालन गरेका सो साहित्य सम्मेलनमा ५६ स्रष्टाहरुले आ-आफ्नो रचना वाचन गरेका थिए । रचना वाचन गर्नेहरुमा कणाद महर्षि, क्यापिटल टेलिभिजनकी कार्यक्रम प्रस्तोता सरस्वती गौतम, कविहरु परशुराम पराजुली, शारदा पराजुली, घनश्याम पुडासैनी, मधुसूदन पाण्डेय, निबन्ध कल्पना, जनार्दन अधिकारी, धड्कन, लीलाधर पाण्डे, राजेशमान केसी आदि रहेका थिए ।

अत्यन्तै विकट तारेभीरबाट काठमाडौंको समथर दृश्य हेर्दै सबैजसो आगन्तुकहरु मनमोहक भएका देखिन्थे भने स्थानीय स्कूलको प्राँगणमा सम्पन्न सो कार्यक्रमका पाहुनाहरुलाई स्थानीय भेषभूषामा झल्किएका महिला समूहबाट स्वागत तथा खादा अर्पण गरी सम्मान गरिएको थियो ।


स्रष्टा अच्युतप्रसाद पौडेल चिन्तनले वाल्यजीवनको झझल्को त्यसक्षेत्रमा टहलिँदा 'तारेभीरमा सलाम छ शिरमा', 'सुनको औंठी चढाउँला मंसिरमा' भन्ने गीत तथा आफ्नो रचना 'छाता वारि म पारि' शीर्षकको राजनैतिक व्यँग्य कविता सरस ढंगबाट प्रस्तुत गरेका थिए ।



## फेशन रनवे एक्स्पोमा मलाइकादेखि स्वस्तिमासम्म

**काठमाडौं/मस-** जेम्स एण्ड ज्वेलरी फेसन रनवे एक्सपोमा अभिनेत्रीहरु स्वस्तिमा खड्का, उपासना सिंह ठकुरी, मलिका महत, पूर्वमिस नेपालहरु अनुष्का श्रेष्ठ र इभाना मानन्धरले भाग लिएका छन् । बिहीबार बेलुका याक एण्ड यति होटलमा आयोजित फेसन शोमा उनीहरुले नेपालमा उत्पादित गहना र पहिरन लगाएर र्‍याम्प वाक गरेका हुन् । स्वदेशी गहना आउलेटहरुले यी सेलिब्रिटीलाई आ-आफ्नो ब्राण्डको फेसन शो स्टपरको रुपमा प्रस्तुत गरेका थिए । गेरु वस्त्रको पहिरनमा स्वस्तिमा हट देखिएकी थिइन् भने मलिका र उपासनाले पनि सौन्दर्यमार्फत दर्शकको ध्यानाकृष्ट गरे । शोको पहिलो लहरमा विभिन्न उद्यमी, गहना व्यवसायी र फेसन आइकन उपस्थित रहे । यी सबै फेसन शोको कोरियोग्राफी सविता कार्कीले गरेकी थिइन् ।

तर फेसन रनवेको मुख्य शो स्टपरको रुपमा बलिउड फेसन आइकन मलाइका अरोरा थिइन् । छड्के तिलहरी र लेहेंगा लगाएर मलाइका र्‍याम्पमा प्रस्तुत भएकी थिइन् । नेपाल रत्न तथा आभूषण संघले आयोजना गरेको तीनदिने एक्स्पोको पूर्वसन्ध्यामा फेसन शो आयोजना गरिएको थियो । एक्स्पो चाहिं शुक्रबारदेखि तीन दिनसम्म याक एण्ड यति होटलमा चल्दैछ ।



## 'तिम्रो मेरो साथ' र 'गुञ्जन' एकसाथ प्रदर्शन







काठमाडौं/मस- दुई नेपाली चलचित्र 'तिम्रो मेरो साथ' र 'गुञ्जन' एकसाथ प्रदर्शन भइरहेका छन् । केही समययता सातामा एकमात्र नेपाली चलचित्र प्रदर्शन भइरहेको थियो । यद्यपि यो साता तिम्रो मेरो साथ र गुञ्जन प्रदर्शन गरिएको छ ।

प्रेमकथामा आधारित चलचित्र माघेसङ्क्रान्तिलाई लक्षित गर्दै प्रदर्शनमा आएको हो । साम्राज्ञी राज्यलक्ष्मी शाह, पुष्प खड्का र सन्दीप क्षेत्रीको मुख्य भूमिका रहेको 'तिम्रो मेरो साथ'ले चितवन प्रिमियरमार्फत सकारात्मक प्रतिक्रिया बटुलेको निर्मातासँगै निर्देशक रहेका रमेश एमके पौडेलले जानकारी दिए ।

'प्रेमकथालाई दर्शकले रूचाउनुभयो । निर्माताका रूपमा अन्य चलचित्रमा आवद्ध भएपनि निर्देशनमा डेब्यु गर्दा नयाँ अनुभव भइरहेको छ,' उनले भने । सवीर श्रेष्ठको कार्यकारी निर्माण र लेखन रहेको उक्त चलचित्रमा शिव ढकालले छायांकन, सुवाष भुसाल/योगेश काजीको संगीत, रामजी लामिछानेको कोरियोग्राफी र भूपेन्द्र अधिकारीले सम्पादन गरेका छन् ।

यस्तै द्वन्द्व निर्देशकका रूपमा दुई दशकदेखि सक्रिय रहनुभएका अष्टमान महर्जनले 'गुञ्जन'मार्फत चलचित्र निर्देशनमा डेब्यु गरेका छन् । 'मैले द्वन्द्वप्रधान चलचित्र बनाउँछु अपेक्षा धेरैमा थियो । यद्यपि निर्देशक बन्दै गर्दा मैले राम्रो कथालाई रोजेको हुँ,' उनले भने । हीराकृष्ण शाहीको प्रस्तुति र सुनिता शाहीको निर्माणमा बनेको उक्त चलचित्रमा सारा सिर्पाली, कविर खड्का, प्रितमराज सेन्चुरी, सरोज खनाल, हिउँवाला गौतम, ॠचा थापा, रोहन शाही, निरुता स्याङतान, कञ्चन चालिसे, सुस्मिता बराल, इभा श्रेष्ठ, अमोद भट्ट, आइपी आचार्य, अमेश न्यौपानेलगायतले अभिनय गरेका छन् ।

चलचित्र गुञ्जनमा महेश दबाडीको लेखन, राजेश श्रेष्ठको छायांकन, कविराज गहतराजको नृत्य निर्देशन र विपीन मल्लको सम्पादन रहेको छ ।



## अक्षयको 'कट्पुतली' बन्यो २०२२ मा ओटीटीमा धेरै हेरिने फिल्म

काठमाडौं/एजेन्सी- अक्षयकुमार र रकुलप्रित सिंहको अभिनय रहेको फिल्म 'कटपुतली' सन् २०२२ मा सबैभन्दा बढी हेरिने फिल्म बनेको छ । ओरम्याक्सले गरेको अध्ययनअनुसार डिज्ने प्लस हटस्टारमा आएको यो फिल्म अघिल्लो साल रिलिज भएका फिल्म र सिरिजमध्ये सर्वाधिक हेरिने फिल्म बनेको हो । ओरम्याक्सका अनुसार यो फिल्मले २६.९ मिलियन दर्शक पाएको थियो । यो सन् २०२२ मा रिलिज भएका फिल्म वा सिरिजमध्ये सबैभन्दा धेरै दर्शक पाउने फिल्म बनेको हो । डिज्ने प्लस हटस्टारले यही फिल्ममार्फत बाँकी ओटीटीलाई दर्शक तान्ने होडमा उछिनेको पनि ओरम्याक्सले जनाएको छ । सर्वाधिक हेरिने १५ फिल्म वा सिरिजमध्ये ७ वटा डिज्ने प्लस हटस्टारमा आएका थिए । यो सूचीमा पनि 'कटपुतली' पहिलो भएको हो । पूजा इन्टरटेनमेन्टले निर्माण गरेको यो फिल्म दक्षिण भारतीय फिल्म 'रतासन' को रिमेक हो । सन् २०२३ मा पूजा इन्टरटेनमेन्टका 'गनपत', 'क्याप्सुल गिल', 'बडे मियाँ छोटे मियाँ' र 'कर्ण' प्रदर्शन आउँदैछन् ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**